# कक्षा ८ र कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०६४ बिचको तुलनात्मक अध्ययन

**शोधकर्ता**

**अन्जना तिमल्सेना**

परीक्षा क्रमाङ्क २८८००७९

त्रि.वि. दर्ता नं. ६-१-२८६-३४-९९

त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय, आदिकवि भानुभक्त क्याम्पस अन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह (एम.एड) दोस्रो वर्षको नेपा. शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शिक्षा शास्त्र सङ्काय

आदिकवि भानुभक्त क्याम्पस

दमौली, तनहुँ

२०६९

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र मैले आदिकवि भानुभक्त क्याम्पस नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनार्थ श्रद्धेय गुरु डा. श्री ईश्वरचन्द्र वाग्लेज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ ।

व्यक्तिगत अनेकौ व्यस्तताका बाबजुद पनि आफ्नो अमूल्य समय दिई शोधपत्रको प्रारम्भदेखि हालसम्म उत्साहबर्द्धक प्रेरणा, कुशल निर्देशन तथा महत्त्वपूर्ण सुझाव दिनु भएकोमा शोध निर्देशक आदरणीय गुरु डा. श्री ईश्वरचन्द्र वाग्लेज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । मेरो शोधकार्यको शीर्षक चयन, सामग्री निर्माण आदिको क्रममा अन्योलग्रस्त परिस्थितिमा समेत आवश्यक पथ प्रदर्शन तथा बहुमूल्य सल्लाह र सुझाव प्रदान गर्नुहुने श्रद्धेय गुरु श्री राम कुमार अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । यस शोध कार्यलाई अगाडि बढाउने क्रममा विशेष प्रेरणा प्रदान गर्नुहुने शिक्षक उपेन्द्र न्यौपानेज्यूप्रति विनम्रतापूर्वक आभार प्रकट गर्दछु । यसै गरी यस शोध कार्यलाई समयमै पूरा गर्नका लागि प्रत्यक्ष र परोक्ष रूपमा सहयोग र प्रेरणा प्रदान गर्नुहुने क्याम्पस प्रमुख बैकुण्ठ न्यौपानेज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोध अध्ययनको क्रममा आवश्यक सहयोग गर्नुहुने परिवारका सदस्यहरूलाई हार्दिक धन्यवाद दिँदै पुनः यस्तै सहयोगको अपेक्षा गर्दछु ।

अन्त्यमा यस कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण गुरुवर्ग, मित्रजन र शुभेच्छुकप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै सङ्कलित सामग्रीहरूलाई होसियारीपूर्वक टङ्कन गरिदिने 'स्वस्तिका स्टेसनरी' दमौलीका प्रेमबहादुर आले मगरलाई र सामग्रीहरू टाइप गरी सहयोग गरिदिनुहुने रामकृष्ण कुँवरप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।

**अन्जना तिमल्सेना**

# शोधसार

**शोधशीर्षक** : **कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ बिचको तुलनात्मक अध्ययन ।**

**शोधकर्ता** : अन्जना तिमल्सेना

**शोध निर्देशक** : सह-प्रा.डा. ईश्वरचन्द्र वाग्ले

**विभाग/क्याम्पस** :त्रिभुवन विश्व विद्यालय, नेपाली विभाग, आदिकवि भानुभक्त क्याम्पस, तनहुँ ।

**शैक्षिक वर्ष** : २०६८

**शोधप्रयोजन :**

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. ५९८ को आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनार्थ प्रस्तुत गरिएको छ ।

**शोधका उद्देश्यहरू :**

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ पाठ्यक्रम अनुरूपताका आधारमा भए नभएको पत्ता लगाउनु ।

ख) कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको निर्माण श्रेणीवद्ध तरिकाले भए नभएको पत्ता लगाउनु ।

ग) दुवै पाठ्यपुस्तकका समस्यालाई निराकरणका उपाय पहिचान गर्नु ।

**शोध प्रक्रियाः**

प्रस्तुत अध्ययन कक्षा ८ को हाम्रो नेपाली किताब २०६४ र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ को विधा, अभ्यास, व्याकरण र शब्दभण्डार सम्बन्धि अध्ययनको लागि वर्तमान दुई पाठ्यपुस्तक, निम्न माध्यमिक तह र माध्यमिक तहका पाठ्यक्रम विद्यार्थीहरूसँगको प्रत्यक्ष भेटघाटका माध्यमबाट तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययन अनुसन्धानबाट सङ्कलित सूचनाहरूको सम्बन्धमा विशेष जानकारी भएका प्राध्यापक र

शिक्षकहरूसँग जानकारी लिइएको छ । दुवै पाठ्यपुस्तकमा समावेश भएका विधा, अभ्यास, व्याकरण र शब्दभण्डार बिचको सम्बन्धमा देखिएका समस्याहरू पत्ता लगाई तथ्याङ्क सङ्कलन गरियो । यसै तथ्याङ्कको आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष र सुझाव प्रदान गरिएको छ ।

**निष्कर्ष तथा सुझाव :**

नेपाली भाषाले राष्ट्रिय भाषाको स्थान ओगट्न सफल भइरहेको अवस्थामा नेपालका करिब आधा भन्दा बढी जनसंख्याले नेपाली भाषा नै प्रयोग गरेको पाइन्छ । कक्षा १ देखि नै पठन पाठन हुने अधिकांश पाठ्यपुस्तकहरू नेपाली भाषामा नै लेखिएका छन् । नेपाल एक बहुभाषिक राष्ट्र भएकाले नेपालमा विभिन्न जातजातिको बसोबास रहेको छ । ती सबैको सञ्चारको माध्यम भनेको नै नेपाली भाषा रहेको छ । सोही कुरालालाई आधार मानी कक्षा ८ को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तक बिच तुलना गर्ने प्रयास गरिएको छ । प्रयासका क्रममा दुई पाठ्यपुस्तक बिच पाठ्यक्रम अनुरूपताका दृष्टिले समानता भन्दा असमानता बढी नै रहेको देखिन्छ । विधा, शब्द, वाक्य, व्याकरण, शब्दभण्डार आदिमा पनि कक्षा ८ को भन्दा कक्षा ९ को पाठ्यपुस्तकले बढी नै व्याकरण र शब्दभण्डारका अभ्यासलाई समेट्न खोजेको देखिन्छ । विधागत क्षेत्रमा कक्षा ८ ले कक्षा ९ को भन्दा बढी नै क्षेत्र ओगट्न खोजेको देखिन्छ । कक्षा ८ पाठ्यक्रम भन्दा केही बाहिर जान खोजेको पनि पाइयो । कक्षा ८ पाठ्यक्रममा विधा अङ्क निश्चित नगरी दोधारे अवस्थामा राखेको देखिन्छ । अनुच्छेदको क्रमाङ्कमा पनि अङ्क नदिई उल्लेख गरेको पाइयो । यसरी हेर्दा कक्षा ९ को पाठ्यपुस्तक भन्दा कक्षा ८ को पाठ्यपुस्तक केही कमजोर हो भन्न सक्ने देखिन्छ ।

विद्यार्थीहरूको भविष्य निर्माणमा सहयोग पुऱ्याउने पाठ्यपुस्तक निर्माणमा विद्यार्थीहरूका सम्पूर्ण पक्ष (आर्थिक, सामाजिक, भौगोलिक) लाई समेट्नु पर्ने देखिन्छ । कक्षागत पढाइमा के-कस्ता उद्देश्यहरू किटान गर्नुपर्ने हो सो को किटान गरी पाठ्यपुस्तक निर्माण गरिएमा अझ प्रभावकारी रहन सक्ने छ ।

# विषय सूची


पृष्ठ सङ्ख्या

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

**विषय सूची**

**सङ्क्षेपीकृत शब्द**

**अध्याय : एक**

**शोध परिचय** **१-५**

१.१ शोध शीर्षक १

१.२ शोध प्रयोजन १

१.३ समस्या कथन १

१.४ अध्ययनको उद्देश्य १

१.५ पूर्वकार्यको समीक्षा २

१.६ अध्ययनको औचित्य ३

१.७ अध्ययनको सीमा ४

१.८ शोध विधि ४

१.९ शोधपत्रको रूपरेखा ५

**अध्याय : दुई**

**भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा** **६-१४**

२.१ भाषा पाठ्यपुस्तकको परिचय ६

२.२ भाषा पाठ्यपुस्तक अध्ययनका आधार ८

२.२.१ आन्तरिक वा शैक्षिक पक्ष ९

२.२.२ बाह्य आकार वा भौतिक पक्ष १२

२.२.३ सारांश १४

## अध्याय : तिन


**पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको अध्ययन** **१५-२७**

३.१ विषय प्रवेश १५

३.१.१ उद्देश्य र पाठहरू १५

३.१.२ विधाको क्षेत्र, क्रम र पाठहरू २०

३.२ निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र निम्न माध्यमिक तहको कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ को अध्ययन २१

३.३ माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ को अध्ययन २४

३.३.१ विधाको क्षेत्र, क्रम तथा पाठहरू २७

३.३.२ सारांश २७


## अध्याय : चार


**आन्तरिक तथा बाह्य आधारमा पाठ्यपुस्तकको विश्लेषण** **२८-३६**

४ कक्षा ८ र कक्षा ९ को भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा अध्ययन विश्लेषण २८

४.१ कक्षा ८ अनिवार्य नेपाली किताब २०६४ २८

४.१.१ विषयवस्तु २८

४.१.२ विधा र प्रस्तुति २८

४.१.३ नमुना अभ्यास २९

४.१.४ भाषिक संरचना ३०

४.२ कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तक २०६४ ३१

४.२.१ विषयवस्तु ३१

४.२.२ विधा र प्रस्तुति ३१

४.२.३ नमुना अभ्यास ३२

४.२.४ भाषिक संरचना ३३

४.३ भाषा पाठ्यपुस्तकको बाह्य र भौतिक आधारमा अध्ययन विश्लेषण ३४
४.३.१ कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ ३४
४.२.२ कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ ३५
४.२.३ सारांश ३५

**अध्याय : पाँच**

**कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ का बिच तुलनात्मक अध्ययन ३७-४६**

५.१ आन्तरिक आधार ३७
५.१.१ विषयवस्तु ३७
५.१.२ विधाको प्रस्तुति ३९
५.१.३ भाषिक संरचना ४३
५.१.४ नमुना अभ्यास ४५
५.२ सारांश ४६

**अध्याय : छ**

**निष्कर्ष र सुझावहरू ४७-५२**

६.१ सबल पक्ष ४७
६.२ दुर्बल पक्ष ४९
६.३ सुझाव ५०
**सन्दर्भग्रन्थ सूची**
**परिशिष्टहरू**

# तालिका सूची

पृष्ठ सङ्ख्या

तालिका नं. १ : पाठ्यपुस्तकहरूको विषयवस्तु तालिका ३८

तालिका नं. २ : पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्षेत्रक्रम ४२

# सङ्क्षेपीकृत शब्द

| क्र.सं. | सङ्क्षेप | पूर्ण शब्द |
|---|---|---|
| 1 | अ. | अभ्यास |
| 2 | इ.सं. | इश्वी संवत |
| 3 | ने.वृ.श. | नेपाल वृहत शब्दकोश |
| 4 | पा.वि.के. | पाठ्यक्रम विकास केन्द्र |
| 5 | डा. | डाक्टर |
| 6 | ने.रा.प्र.प. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| 7 | प्रा. | प्राध्यापक |
| 8 | नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| 9 | मा.वि. | माध्यमिक विद्यालय |
| 10 | मा.शि.पा. | माध्यमिक शिक्षा पाठ्यक्रम |
| 11 | नि.शि.पा. | निम्न माध्यमिक शिक्षा पाठ्यक्रम |
| 12 | पृ.नं. | पृष्ठ नम्बर |
| 13 | वि.सं. | विक्रम सम्वत |
| 14 | त्रि.वि.वि. | त्रिभुवन विश्व विद्यालय |
| 15 | क्र.सं. | क्रम सङ्ख्या |
| 16 | पिएच.डी. | डाक्टर अफ फिलोसफी |

# अध्याय : एक

## परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **'कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको तुलनात्मक अध्ययन'** रहेको छ ।

### १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभागअन्तर्गत रहेको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको कोड नं.५९८ को प्रयोजनको लागि शोधपत्र प्रस्तुत गरिएको हो ।

### १.३ समस्या कथन

नेपाली विषयलाई सशक्त बनाउनका निम्ति एम.एड. दोस्रो वर्षका नेपाली विषयका विद्यार्थीहरूले नेपाली विषयमा गर्नुपर्ने अनुसन्धान अन्तर्गत कक्षा ८ को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तक बिचको तुलनात्मक अध्ययन गरिएको छ ।

(क) कक्षा ८ को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तक विद्यार्थीको स्तर, उमेर र आवश्यकता अनुरूपको पाठ्यपुस्तकको निर्माण भएको छ/छैन ।

(ख) कक्षा ८ को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको निर्माण श्रेणीबद्ध तरिका अर्थात् सरलबाट जटिलको सिद्धान्त अनुरूप निर्माण भएको छ/छैन ?

(ग) पाठ्यपुस्तकहरूमा विधा वितरण र प्रस्तुतीकरण के कस्ता छन्/छैनन् ?

(घ) पाठक विषयवस्तुका आधारमा व्याकरण सिक्न अभिप्रेरित गर्ने उद्देश्यले व्याकरण शिक्षणका उदाहरण र अभ्यास पाठमा समावेश गरिएको छ /छैन् ।

### १.४ अध्ययनका उद्देश्यहरू

कुनै पनि कार्य गर्नको पछाडि त्यसको उद्देश्य पनि सँगसँगै गासिएको हुन्छ । सोही अनुरूप यस शोधपत्रको लागि छनोट गरिएका शीर्षकको लागि निम्न लिखित उद्देश्य रहेका छन् :

क) कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपस्तकका पाठ्यक्रम अनुरूपताका आधारमा तुलना गर्नु ।

ख) कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको निर्माणको श्रेणीबद्ध तरिकाको दृष्टिले तुलना गर्नु ।

ग) पाठ्यपुस्तकमा विधा वितरण र प्रस्तुतीकरण दृष्टिले तुलना गर्नु ।

घ) दुवै पाठ्यपुस्तकमा राखिएका पाठहरूमा अभ्यास, व्याकरणको तुलना गर्नु ।

## १.५ पूर्वकार्यको समीक्षा

शोधकार्य गर्नुभन्दा अगाडि विगतमा भएका पाठ्यपुस्तकको अध्ययन अनुसन्धानको समीक्षा गर्नु उपयुक्त हुन्छ । पूर्वकार्यको अध्ययनबाट नै आफूले गर्न लागेको कार्यमा अगाडि त्यस्ता कार्य भए नभएको भए कतिसम्म र कसरी भएका छन् भन्ने बुझ्न सहयोग पुऱ्याउँछ । जसको माध्यमले अनुसन्धानकर्तालाई आफ्नो विषयमा कस्ता पक्षहरूको अनुसन्धान भएका छन् र कुनकुन पक्ष अनुसन्धानमा समेटिएका छैनन् । सो बारेमा जानकारी प्राप्त हुन्छ । प्रत्येक अनुसन्धानदाताले आफ्नो अध्ययन क्षेत्रसँग सम्वन्धित त्यस अघि भए गरेका प्राप्त कामहरूको सिलसिलाबद्ध रूपमा प्रस्तुत गरिसकेपछि आफ्नो अध्ययनको आवश्यकता औचित्य र मौलिकता स्पष्ट हुन्छ । यहाँ सम्बन्धित शीर्षक भित्र रहेर भएका कामको सङ्क्षिप्त रूपमा सर्वेक्षण गर्ने प्रयास गरिएको छ ।

अधिकारी, (२०३४) ले त्रिभुवन विश्व विद्यालय नेपाली विषय शिक्षकहरूको प्रथम अधिवेशनमा प्रस्तुत गरेको कार्यपत्र **'माध्यमिक तहको नेपाली भाषा शिक्षण र पाठ्यवस्तुको समीक्षा'** भन्ने शीर्षक राखी कक्षा ६ देखि १० सम्मका पाठ्यपुस्तकहरूमा रहेका विद्या र भाषा तत्वको सङ्क्षिप्त चर्चा गरेका छन् । विद्यार्थीको रुचि क्षमता र स्तरलाई ध्यानमा राखी भाषा तत्त्वमा पनि परिमार्जित गर्नुपर्ने निष्कर्ष निकालिएको छ ।

पौडेल, (२०५६) ले स्नातकोत्तर तहको शोधपत्रमा यस विषयसँग सम्बन्धित **'कक्षा ६ को हाम्रो नेपाली कविता र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन'** गरेका छन् । उनले

उक्त शोधपत्रमा आन्तरिक र बाह्य विशेषताका आधारमा भाषा पाठ्यपुस्तकको विश्लेषण गरेका छन् । हाम्रो नेपाली किताबमा खास त्रुटि नभएको र सरल नेपाली शृङ्खलामा विद्यार्थीहरूको रुचि उमेर क्षमता अनुसार मनोवैज्ञानिक पक्षलाई ध्यान दिई सामग्री सम्पादन गरिएको निकालिएको छ ।

भट्टराई, (२०६४) ले **'कक्षा १० को महेन्द्रमाला (२०३०) र नेपाली पाठ्यपुस्तक २०६० को तुलनात्मक अध्ययन'** गरेकी छन् । उक्त अध्ययनमा विभिन्न आधारमा रही तुलनात्मक विश्लेषण गरिएको छ । जसले महेन्द्रमाला २०३० र नेपाली  २०६० मा पाठगत समानता नरहेको पाठ्यपुस्तक पाठ्यक्रम अनुरूपताका आधारमा चयन हुन नसकेको माध्यमिक तहको महेन्द्रमाला कथा र कविता विद्या ८ तोकिएकोमा कथा ९ र कविता ७ वटा मात्र समावेश गरिएको छ र कक्षा १० को नेपालीमा भने कुनै विद्यामा वाक्य गठन पनि तह अनुरूप नरहेको भन्ने टिप्पणी गरेको पाइन्छ ।  त्यस्तै महेन्द्रमाला २०३० ले लेखाइ सिपलाई मात्र बढी मात्रामा प्राथमिकता दिइएको र २०६० को नेपाली पाठ्यपुस्तकले भने चारै सिपको  विकासमा जोड दिइएको निष्कर्ष निकालिएको छ ।

ज्ञवाली, (२०६८) ले कक्षा ३ को मेरो नेपाली किताव **'नयाँ नेपाली शृङ्खला र सजिलो नेपाली माला'** को तुलनात्मक अध्ययन गरेकी छिन् । उक्त अध्ययनमा पाठ्यक्रमद्वारा निर्दिष्ट गरिएका विधा अन्तर्गत पाठहरू रहेका छन् भने नयाँ नेपाली शृङ्खलामा पाठ्यक्रमले निर्दिष्ट गरे भन्दा बाहिरका जीवनी र चिठी विधाका पाठहरू पनि सबै सिपलाई २५/२५ प्रतिशत समय निर्धारण गरिए तापनि सुनाइ, बोलाइभन्दा पढाइ, पढाइभन्दा लेखाइ सिप सम्बन्धी अभ्यास धेरै राखिएको तथा पाठ्यक्रमले शब्दकोश प्रयोग गर्ने उद्देश्य राखे तापनि तिनवटै पाठ्यपुस्तकमा यस सम्बन्धी अभ्यास नपाइएको जस्तो निष्कर्ष निकालिएको छ ।

उपर्युक्त सर्वेक्षण अनुसार कक्षा ८ का नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तक बिचको अध्ययन हालसम्म नभएको यी दुई पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गर्नु सान्दर्भिक ठानिएको छ ।

## १.६ अध्ययनको औचित्य

नि.मा.वि. तहको कक्षा ८ र मा.वि. तहको कक्षा ९ को अध्ययनका क्रममा तयार पारिएका अनिवार्य विषयका पाठ्यपुस्तकहरू मध्ये नेपाली विषयले पनि अनिवार्य  विषय एक महत्त्वपूर्ण स्थान ओगट्न सफल छ। पाठ्यपुस्तकमा समाविष्ट कथा, कविता, निबन्ध, चिठी, जीवनी, प्रबन्ध, वक्तृता, दैनिकी, लोककथा निवेदन एकाङ्की, वादविवादको र व्याकरणको आ-आफ्नै छुट्टै महत्त्व छ। कक्षा ८ र कक्षा ९ भनेको कक्षा १० मा प्रवेश गर्नका लागि निर्माण गरिएका आवश्यक खुड्किलाहरू हुन्।

यस शोधपत्र तयार पारिसकेपछि कुनकुन कार्यमा कसलाई कसरी सहयोग र उपयोगी बन्न सक्ने छ भन्ने कुराको विवरण बुदाँगत रूपमा तल उल्लेख गरिएको छ। बुदाँगत रूपमा तल उल्लेख गरिएको छ।

क) पाठ्यक्रम निर्माण,

ख) लेखक, भाषाविज्ञ, भाषा शिक्षक, भाषाका विद्यार्थी, शोधार्थी र भाषा पाठ्क्रम निमार्ण,

ग) पाठ्यपुस्तकलाई परिमार्जित र त्रुटिरहित बनाउन,

घ) नेपाली भाषा पाठ्यपुस्तकको शैक्षणिक र मनोवैज्ञानिक आधारमा विश्लेषण गर्न,

## १.७ अध्ययनको सीमा

प्रस्तुत शोधपत्रका सीमाहरू निम्नानुसार रहेका छन् :

क) पाठ्यक्रममा कक्षा ८ र कक्षा ९ को पाठ्यपुस्तक को तुलनात्मक अध्ययन गरिएको छ।

ख) पुस्तकालयीय अध्ययन विधि मार्फत अध्ययन गरिएको छ।

ग) अध्ययनकै क्रममा विषयविज्ञ र शिक्षकसँग विषयवस्तुमा रही समस्या समाधान विधि माफत छलफल गरिएको छ।

## १.८ शोधविधि

शोध क्रममा राखिएको उद्देश्यलाई परिपूर्ति गर्ने क्रममा यस विधिले निकै ठुलो महत्त्व बोकेको हुन्छ। अध्ययन विधि ६ बटै उपयुक्त किसिमले गर्न सकिएन भने उद्देश्यको अर्थ रहन सक्दैन। उद्देश्यको आधारमा अध्ययन विधिलाई स्पष्ट पार्नुपर्दछ। पुस्तकालय विधि

अन्तर्गत पाठ्यक्रमका आधारमा तयार पारिएको कक्षा ८ र ९ को नेपाली पाठ्यपुस्तक सङ्कलन गरी तिनको अध्ययन तालिकीकरण गरी विषयको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनमा तुलनात्मक विश्लेषणात्मक विधिद्वारा सम्पन्न गरिएको छ । कक्षा ८ र ९ को पाठ्यक्रमलाई तुलना गर्न सम्वाद, पूर्वकार्य, कार्यपत्र, अध्ययन प्रतिवेदन, विषय विशेषज्ञ तथा शोधनिर्देशक विद्वान, गुरुहरूद्वारा प्राप्त निर्देशनलाई आधार मानी प्राप्त सामग्रीलाई विश्लेषण गर्दा वर्णनात्मक विधिको पनि उपयोग गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि आवश्यकता अनुसार विभिन्न अध्याय किटान गर्नुपर्ने हुन्छ । सोही अनुरूप यहाँ शोधपत्रको रूपरेखा तयार पारिएको छ :

**अध्याय एक** : शोधपत्रको परिचय

**अध्याय दुई** : भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा

**अध्याय तिन** : पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको अध्ययन

**अध्याय चार** : दुई पाठ्यपुस्तकको बिचमा विधा र क्षोत्रको आधारमा विश्लेषण

**अध्याय पाँच** : व्याकरण अभ्यासका आधारमा कक्षा ८ र ९ को पाठ्यपुस्तक बिचको तुलनात्मक अध्ययन

**अध्याय छ** : निष्कर्ष र सुझाव

सन्दर्भ ग्रन्थ सूची

परिशिष्ट

# अध्याय : दुई

# भाषा पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा

## २.१ भाषा पाठ्यपुस्तकको परिचय

शिक्षण सिकाइ क्रियाकलापका सन्दर्भमा भाषा पाठ्यपुस्तकलाई एक साधनका रूपमा लिइन्छ । भाषा पाठ्यपुस्तकका सहायताले शिक्षकलाई कक्षाकोठामा विद्यार्थीहरूलाई भाषिक सिप सिकाउन सजिलो हुनुका साथै बालकको शारीरिक, बौद्धिक एवम् मानासिक विकास गराइ सुयोग्य नागरिक तयार पार्न शिक्षाको मुलभूत उद्देश्य हो । पाठ्यक्रममा शिक्षाको राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र, अङ्क, विभाजन जस्ता पक्षहरूबारे निर्देशित गरिएको हुन्छ । उक्त उद्देश्य पुरा गर्न पाठ्क्रम अनुसार पाठ्यपुस्तक तयार गरिएको हुन्छ ।

भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमले निधारण गरेका लक्ष्य पुरा गर्न तयार पारिएको प्रमुख साधन हो । विद्यार्थीहरूलाई भाषिक सिपहरूको अभ्यास गराउन सहयोग पुग्ने गरी भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । विशेषतः भाषा पाठ्यपुस्तकमा सम्बन्धित विषयको ज्ञानका साथै भाषिक सिप विकासका लागि समेत मद्दत पुग्ने खालका सामग्रीको संयोजन गरिन्छ । भाषा पाठ्यपुस्तकले विद्यार्थीहरूमा उसको मानसिक बौद्धिक क्षमता अनुसारको भाषिक ज्ञान तथा सिप विकास गर्नमा पनि सहयोग पुऱ्याउदछ । त्यसैले भाषा पाठ्यपुस्तकलाई भाषिक ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्ने उद्देश्यले तयार गरिएको आधिकारिक सामग्री पनि भन्न सकिन्छ । यसरी पठन पाठन प्रक्रियालाई सुचारु रूपले सञ्चालन गर्न भाषा पाठ्यपुस्तकको आवश्यकता पर्दछ । जुनसुकै अवस्थामा पनि भाषा पाठ्यपुस्तक मात्र शिक्षणको अभिन्न अङ्ग भएर आएको हुन्छ हाम्रो जस्तो विपन्न तथा बहुभाषी देशमा त यसको महत्त्व अझ छ । भौगोलिक विकटता, सामाजिक संस्कृति, विविधता तथा शिक्षकको अभावजस्ता कारणले भाषा शिक्षण कार्यकलापमा भाषा पाठ्यपुस्तकले अहम् भूमिका निर्वाह गरेको हुन्छ ।

स्तरयुक्त पठन पाठनका लागि उपयुक्त पाठ्यक्रम तदअनुरूपको पाठ्यपुस्तक प्रशिक्षित दक्ष शिक्षक र चुस्त व्यवस्थापनको आवश्यकता पर्दछ । यी विभिन्न पक्षहरूमध्ये खास गरी अविकसित मुलुकहरूमा कक्षाकोठामा सम्पूर्ण कार्यकलापलाई भाषा पाठ्यपुस्तकमा केद्रिन्त गर्ने प्रचालन छ । अझ यस क्षेत्रमा प्रायः सबै  शिक्षकका लागि पाठ्यपुस्तक मात्र कक्षामा प्रस्तुत गरिने पत्यारिलो सामग्री र विद्यार्थीका लागि गृहकार्य गर्ने एकमात्र माध्यम हो । अतः विद्यार्थीहरूको मानसिक संवेगात्मक एवम् बौद्धिक पक्षका साथै उनीहरूको रुची, उमेर, आवश्यकता तथा सिकाइको स्तरलाई ख्याल गरेर तयार गरिएका यस्ता पाठ्यपुस्तक विद्यार्थीहरूलाई पढ्न, अभ्यास गर्न गृहकार्य गर्न कक्षा कार्यकलाप गर्न समेत विशेष उपयोगी हुन्छन् । भाषा पाठ्यपुस्तकका सम्बन्धमा विभिन्न विद्वान्हरूले फरक फरक मत प्राप्त गरेको पाइन्छ ।

१) इन्साइक्लोपडिया, अमेरिकनमा (२६ मे. १९७६: ५६३) पाठ्यपुस्तकमा के पढाउने भन्ने कुरा मात्र उल्लेख नगरी यसको शिक्षण प्रक्रियासमेत उल्लेख गरी सिकाइ प्रयोजनका लागि तयार गरिएको एक महत्त्वपूर्ण स्रोत सामग्री हो भनिएको छ (फुँयाल, २०६६:८) ।

२) बृहत् नेपाली शब्दकोशले ‘विद्यालय एवम् विद्यार्थीहरूले औपचारिक तवरले पढ्न पर्ने पुस्तक नै पाठ्यपुस्तक हो’ भनिएको छ (पोखेल र अन्य, २०४०:२१)

३) बेकन ह्यारिसको भनाइलाई उद्धृत गर्दै पाठ्क्रमबारे यस्तो विचार प्रस्तुत गरेका छन्–विशेषज्ञद्वारा सम्बन्धित क्षेत्रमा उपयोगी हुने शिक्षण प्रक्रियाहरू अँगाली सतर्कतापूर्वक तयार पारिएको कक्षा कोठमा प्रयोग गर्ने सामग्री नै पाठ्यपुस्तक हो ( शर्मा र पौडेल, २०६०:३४०) ।

४) प्रयोगात्मक नेपाली शब्दकोश (२०६१) ले पाठ्यपुस्तकलाई पाठ्य विषयवस्तु सङ्कलन गरिएको कक्षामा पढ्नुपर्ने पाठ्य सामग्रीका रूपमा अर्थ्याएको छ (अधिकारी, २०६१:६०७) ।

५) वेब्सटर्स वल्ड डिक्सनरी, २०७२:१४७२ मा कुनै विषयका सिद्धान्तहरूमा शिक्षण प्रदान गर्न खास गरी आंशिक वा पूर्ण पाठ्यांशमा आधारित पुस्तक नै पाठ्यपुस्तक हो भन्ने अवधारणा मा पाइन्छ (फुँयाल, २०६६:८) ।

उपयुक्त कोश, विश्वकोश तथा विद्वानहरूका परिभाषाका आधारमा भाषा पाठ्यपुस्तक भनेको पाठ्यपुस्तकले निर्धारित गरेका उद्देश्य पूर्तिका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्वारा तयार पारिएको पाठ्यपुस्तक नै भाषा पाठ्यपुस्तक हो र यो औपचारिक एवं अनौपचारिक दुबै किसिमका शिक्षाका लागि आवश्यक हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ। साथै भाषा पाठ्यपुस्तकले सम्बन्धित ज्ञान दिनाको साथै भाषिक सिप विकास गराउने लक्ष्य समेत राखेको हुन्छ । शिक्षकलाई पढाउन, विद्यार्थीहरूलाई पढ्न, गृहकार्य गर्न, अन्य खोजमूलक तथा सिर्जनात्मक कार्य गर्न पाठ्यपुस्तकलाई सघाउ पुऱ्याउँछ । पाठ्यपुस्तकले विषयवस्तुको ज्ञान भाषिक सिप र व्याकरणको आधारभूत सामग्री समेत व्यवस्था गरिएको समन्वयात्मक रूप हो । भाषा पाठ्यपुस्तकमा भाषा साध्य र साधन दुवै हो । पाठ्यपुस्तकमा साहित्य र साहित्येत्तर दुवै किसिमका सामग्री संयोजन गरिएको पाइन्छ । भाषा पाठ्यपुस्तकमा विषयवस्तु, भाषिक संरचना तथा शैलीका दृष्टिले विविधता र नविनता हुनुपर्दछ । पाठ्य सामग्रीहरू विद्यार्थीको मौलिक र सिर्जनात्मक क्षमताको विकास गर्ने दृष्टिले राखिएको हुनुपर्दछ । भाषा पाठ्यपुस्तक भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखइ) विकास गराइ भाषिक व्यवहारमा सक्षम बनाउन तयार पारिएको पाठ्य सामग्री हो । पाठ्यपुस्तकले शिक्षकलाई भाषा पढाउन र विद्यार्थीलाई भाषा सिक्न सघाउ पुऱ्याउँछ । साथै शिक्षकको अभावमा समेत विद्यार्थी स्वयंले स्वअध्ययन गरी भाषा सिक्नमा सघाउ पुऱ्याउँछ । यतिमात्र होइन कक्षा कार्यकलापदेखि घरमा गृहकार्य गर्न तथा भाषाका माध्यमबाट ज्ञान र सिप आर्जन गर्न समेत भाषा पाठ्यपुस्तकले सघाउ पुऱ्याउँदछ ।

## २.२ भाषा पाठ्यपुस्तक अध्ययनका आधारमा

कुनै निश्चित तहका भाषा शिक्षण कसरी गर्ने भन्ने कुराको निर्देशन गर्ने मुल दस्तावेज नै भाषा पाठ्यक्रम हो भने भाषा पाठ्यपुस्तक चाहिँ त्यस अन्तर्गत समावेश गरिने एउटा अङ्ग हो । भाषा पाठ्यक्रमको उल्लेख विना भाषा पाठ्यपुस्तक कल्पना समेत गर्न सकिदैन । भाषा पाठ्यक्रममा मुलतः उद्देश्य पाठ्यपुस्तक शिक्षणविधि र मूल्याङ्कन प्रक्रिया हुन्छन् । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य, शिक्षण व्यवस्थापन विषयवस्तुको छनौट, विषयवस्तुको क्रम क्षेत्र, अङ्ग विभाजन निर्देशित गरिएको हुन्छ । त्यही उद्देश्य पुरा गर्न पाठ्यपुस्तक तयार गरिन्छ । भाषा पाठ्यक्रमले शैक्षिक योजना निर्माण गर्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमको लक्ष्यलाई पुरा गर्ने काम गर्दछ । यसरी पाठ्यक्रमले निर्देशन

गरेका विषयवस्तु ज्ञान, सिप, विधि, क्षेत्र, क्रम, आदिको संगठन गरी विषयक्रमको प्रयोगात्मक पक्षका रूपमा भाषा विषयवस्तु प्रस्तुत गरिन्छ ।

कुनै पनि भाषा विषयवस्तुको विश्लेषणमा दुईवटा पक्षहरू महत्त्वपूर्ण मानिन्छन् ।

१) आन्तरिक वा शैक्षिक पक्ष

२) वाह्य वा भौतिक पक्ष

आन्तरिक पक्ष अन्तर्गत विषयवस्तु विधा तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार, नमुना, अभ्यास, भूमिका, निर्देशन, चित्र आदि पर्दछन् भने वाह्य वा भौतिक पक्षमा आवरण पृष्ठ, कागजको स्तर, मूल्य र त्यसको सुलभता, आकार, छपाइ, बधाइ आदि पर्दछन् तर भाषा विषयवस्तुको विश्लेषणका यी दुई पक्षको सङ्क्षेपमा विश्लेषण तथा वर्णन गर्ने प्रयास गरिएको छ ।

### २.२.१ आन्तरिक वा शैक्षिक पक्ष

भाषा विषयवस्तुका आन्तरिक पक्ष अन्तर्गत उपयुक्तता र प्रस्तुतिगत पाठ्यवस्तु, शब्दभण्डार, भाषा अभ्यास, चित्र, शब्दार्थ टिप्पणी, सङ्केत आदिको स्तर कस्तो र कस्ता छन् भनी नियाल्ने काम गरिन्छ भने प्रस्तुति अन्तर्गत भाषा विषयवस्तुमा राखिएका विषयवस्तुहरू छनौट र स्तरणका दृष्टिले के कस्ता र कति उपयोगी छन् भन्ने कुराको अध्ययन गरिन्छ ।

#### क) विषयवस्तु

पाठ्यवस्तु तयार गरिने पहिलो आधार नै विषयवस्तु हो । भाषा पाठ्यवस्तुमा समावेश गरिने विषयवस्तुहरू मुख्य भाषा पाठ्यक्रमले निर्देश गरे अनुरूप विभिन्न स्रोतबाट चयन हुनुपर्दछ । विषयवस्तुको छनौट गर्दा विद्यार्थीहरूको स्तर, रुचि, क्षमता, उमेर पूर्वज्ञान अनुरूप पाठ्यक्रमद्वारा निर्धारित गरिने विषयवस्तु, भाषिक सिपमा आधारित, सूचनामूलक, नैतिकमूल्य र मान्यतालाई प्रोत्साहित गर्ने, श्रमप्रति आस्था जगाउने, रुचिपूर्ण, लोकजीवनमा आधारित, प्रजातान्त्रिक मूल्य, मान्यतालाई समेट्ने, धर्म निरपेक्ष, लैङ्गिक तथा सांस्कृतिक समानता झल्काउने, भौगोलिक सांस्कृतिक, विषयगत, विविधतायुक्त विषयवस्तुको तहगत सरल जटिल क्रमिकता भएको कक्षा प्रयोगमा व्यवहारिक प्रेरणादायी, देशभक्तिको भावना

जगाउने खालको हास्यव्यङ्ग्य समाविष्ट भएको, जीवनोपयोगी अवैज्ञानिक विषयवस्तुको त्याग गरिएका लगायत विद्यार्थी केन्द्रित हुनुपर्दछ ।

**ख) विधा तथा प्रस्तुति**

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने दोस्रो आधार त्यस पुस्तकमा राखिने विभिन्न विधाहरूको समायोजन हो । भाषा पाठ्यपुस्तकमा विधागत विविधता हुनु पर्दछ र ती विधाहरूका विचमा आवश्यक संयोजन पनि हुनुपर्दछ । भाषिक सिप र अभ्यासका दृष्टिले विधाको फरकफरक प्रस्तुति महत्त्वपूर्ण हुन्छ । प्रत्येक विधाको आफ्नै भाषिक संरचनागत, शब्द भण्डारगत र शैलीगत विशेषता हुन्छन् । तसर्थ विधाको छनौट गर्दा विद्याथीहरूको स्तर, उमेर, रुचि, पूर्व शैक्षिक अवस्था आदि पक्षलाई ख्याल गरिनु पर्छ । जसले गर्दा शिक्षण सिकाइमा रोचकता नविनता ल्याउन सकियोस् ।

यसरी विधा छनोट गर्दा, विधाको प्रस्तुति गर्दा, सरलबाट जटिलतिर, ज्ञानबाट अज्ञाततिर र सामान्यबाट विशिष्टतर्फको क्रममा मिलाइएको हुनुपर्दछ ।

**ग) भाषिक संरचना र शब्दभण्डार**

भाषा पाठ्यपुस्तक विश्लेषण गर्ने तेस्रो पद्धति भाषिक संरचना र शैली हो । पाठ्यपुस्तकभित्र प्रयुक्त भाषिक संरचना समग्रमा स्तर नै भाषा हो । भाषा पाठ्यपुस्तकमा प्रयोग हुने भाषा भाषिक सिप आर्जन गर्ने किसिमको हुनु जरुरी छ । भाषा पाठ्यपुस्तकमा राखिने शब्दहरू विद्यार्थीको स्तर, उमेर तथा उनीहरूको पूर्व अनुभवमा आधारित हुनुपर्दछ । भाषा सरल, बोधगत, भाषिक सिप विकासमा टेवा पुऱ्याउने किसिमको हुन पनि जरुरी हुन्छ । भाषा विद्यार्थीहरूको स्तर अनुसार, बौद्धिक क्षमता अनुकुल रोचक शैली हुनु पनि आवश्यक हुन्छ । सिद्धान्ततः ८० प्रतिशत तल्लो कक्षामा प्रयोग भएका शब्दहरू र २० प्रतिशत नयाँ शब्दहरूको प्रयोग गरिनु पर्दछ । अझ प्राथमिक तहमा त एक पाठमा दशदेखि बाह्रसम्म मात्र नयाँ शब्दको प्रयोग गर्नु पर्दछ (**ढुङ्गेल र दाहाल, २०५६:६३**) ।

अधिकांश तल्ला कक्षामा राखिएका शब्दहरूको प्रयोग गरिए पनि पाठ्यपुस्तकमा नयाँ शब्दहरू सबै पाठमा समानुपातिक ढङ्गले राखिनुपर्दछ । कुनै पाठमा कम तथा कुनै पाठमा

ज्यादै बढी नयाँ शब्दहरू भएमा विद्यार्थीहरूलाई पढ्न गाह्रो हुन्छ । स्रोतका दृष्टिले तत्सम, तद्भव, आगन्तुक सबै स्रोतका शब्दहरूको अवस्था र पाठको प्रकृति हेरी प्रयोग गर्न सकिन्छ तर एउटै खालको मात्र शब्दहरूको बाहुल्य भएमा पाठ अरुचिकर हुन्छ । अतः शब्दभण्डारको प्रयोग गर्दा विषयवस्तुको प्रकृति अनुसार विविधता अपनाउनुका साथै दोस्रो, भाषा तथा क्षेत्रीय भाषिकालाई विचार गरेर प्रयोग गर्नु पर्दछ । पाठमा प्रयोग भएका शब्दहरूको अन्य पाठमा तथा अभ्यासमा पनि पर्याप्त अभ्यास हुने गरी पुनरावृत्ति गर्नु पर्छ ।

**घ) चित्र**

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार चित्र पनि हो । भाषा पाठ्यपुस्तकमा विषयवस्तुलाई दृश्य रूपमा पनि स्पष्ट पार्न, अपरिचित कुरालाई परिचित तुल्याउन चित्रले ठूलो भूमिका खेलेको हुन्छ । त्यसैले भाषा पाठ्यपुस्तकमा चित्रको प्रयोग आवश्यक ठानिन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक सिप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने खालका चित्रहरूको व्यवस्था गर्नु पर्छ । त्यसैले चित्रमा समावेश गरिएका विषयवस्तु रोचक र आकर्षक हुनु पर्ने हुन्छ भने चित्रको समेत समायोजन गरिएका पाठहरूले अवधारणा बसाल्न सजिलो हुन्छ । निम्न माध्यमिक तहका भाषा पाठ्यपुस्तकमा चित्रको महत्त्व देखिन्छ भने माध्यमिक तहका पाठ्यपुस्तकमा श्यामश्वेत चित्र तथा आकारमा तुलनात्मक रूपमा केही साना भए पनि हुन्छ । माध्यमिक तहमा वा निम्न माध्यमिक तहमा समावेश भएका चित्रले सामाजिक मानसिक रूपमा असर पार्नु हुँदैन । अतः चित्र स्पष्ट हुनु पर्दछ, आकर्षक किसिमको हुनुपर्दछ र उद्देश्यपरक हुनुपर्दछ । चित्रले पाठको प्रकृति तथा चरित्रलाई झल्काउनु पर्दछ । चित्र संयोजन उपयुक्त ठाउँमा सन्दर्भ मिलाएर गरिनुपर्दछ ।

**ङ) भूमिका वा निर्देशन**

भूमिका पाठ्यसामग्रीको परिचयात्मक खण्ड हो । यसमा पाठ्यपुस्तकका लेखक सम्पादक शिक्षक निर्देशन, प्रशासकीय, शिक्षण उद्देश्य, विषयसूची, प्रकाशन बर्ष शिक्षकलाई निर्देशन जस्ता कुराहरूका साथै पाठ्यपुस्तकको आवश्यक जानकारी समेत गराइएको हुन्छ ।

### च)    नमुना अभ्यास

भाषा पाठ्यपुस्तकको विश्लेषण गर्ने अर्को आधार नमुना अभ्यास हो । भाषा पाठ्यपुस्तकको विधागत पाठको अन्यमा दिइएका अभ्यासहरूले पाठ्यपुस्तक भित्र हरेक विधाको अन्त्यमा दिइएका अभ्यासहरूले पाठ्यपुस्तकको अध्ययनमा सहयोग पुऱ्याउँछन् । पाठ्यपुस्तक भित्र हरेक विधाको अन्त्यमा राखिएको नमुना अभ्यासहरू विधागत उद्देश्यहरूका साथै भाषिक सिप अभिवृद्धि गर्ने खालको पर्दछ । विद्यार्थीहरूको तह र स्तरअनुसार सिर्जनात्मक प्रकृतिका अभ्यास पनि समावेश गरिएको हुनुपर्दछ । निर्धारित उद्देश्य प्राप्तिका लागि समय तथा विद्यार्थीहरूको उमेर, तह, पृष्ठभूमि सिकाइ प्रवृत्ति क्षमता एवं रुचिपूर्णता जस्ता शैक्षणिक तथा मनोवैज्ञानिक पक्षहरूको समेत ख्याल गरी उपयुक्त, प्रभावकारी र अभ्यासमूलक भाषिक पाठ्यसामग्रीहरूको छनोट गर्नु राम्रो हुन्छ । यसरी माथिल्ला कक्षाहरूमा भाषाका पाठ्यसामग्रीहरूको छनौट गर्दा पाठ्यसामग्री रुचिपूर्ण हुन जान्छ । यसरी शिक्षण सिकाइका लागि उद्देश्य अनुसार छनौट गरिएका पाठ्यवस्तुहरूलाई सुनिश्चित एवं सुव्यवस्थित अनुक्रममा बाँधेर प्रस्तुत गर्नु पर्ने हुन्छ ।

### २.२.२ बाह्य आकार वा भौतिक पक्ष

भाषा पाठ्यपुस्तकको बाह्य आकार अन्तर्गत पाठ्यपुस्तकको बनोट, आवरण पृष्ठ, स्पेश, छपाई, आकार, बधाई, कागजको स्तर, मूल्य सुलभता, विषयसूची र शब्दसूची जस्ता कुराहरू पर्दछन् । तिनलाई क्रमश तल चर्चा गरिएको छ ।

### क)    आवरण पृष्ठ

आवरण पृष्ठमा भाषा पाठ्यपुस्तकको नाम, प्रकाशनको नाम तथा कक्षा, तह जनाइएको हुन्छ । यसमा कागज मोटो, प्लाष्टिक लेमिनेसन गरेको र आकर्षक किसिमको हुनुपर्दछ । साथै आवरण पृष्ठ लामो समयसम्म टिकाउ हुने खालको हुनुपर्दछ ।

### ख)    आकार र बनोट

पाठ्यपुस्तकको विश्लेषण गर्दा आकार वा बनोटलाई पनि ध्यान दिनु आवश्यक देखिन्छ । तसर्थ पाठ्यपुस्तक विद्यार्थीहरूको उमेर, स्तर, रुचि अनुसार छरितो र सुविधायुक्त आकारको हुनु राम्रो मानिन्छ ।

**ग)　　छपाई**

भाषा पाठ्यपुस्तकको छपाई सफा, स्पष्ट हुनुपर्दछ । छपाईका लागि राम्रो मसी प्रयोग गरिएको हुनुपर्दछ । शब्द, वाक्यमा र अनुच्छेदमा बिचको दुरी मिलेको हुनुपर्दछ । उपयुक्त किसिमले किनारा छोडेको हुनुपर्दछ । शब्द र पङ्क्तिको रखाइमा एकरूपता चहकपन आदि कुराहरू मिलेको हुनुपर्दछ ।

**घ)　　अक्षर**

भाषा पाठ्यपुस्तकको आवरण पृष्ठदेखि पाठको शीर्षक, उपशीर्षक, पाठ र अभ्यासमा प्रयोग भएका अक्षरहरूको आकार स्तर अनुसार हुनुपर्दछ । मावि तह र निमावि तहका लागि प्रावि तहकाभन्दा साना अक्षर नै उपयुक्त हुन्छ ।

**ङ)　　कागज**

भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने कागज बाक्लो, चिल्लो र स्तरीय हुनुपर्दछ । कागज राम्रो भयो भने पुस्तक त्यति नै आकर्षक बन्न पुग्छ । कागज एकापट्टीको छपाइ अर्का पट्टी नदेखिने हुनुपर्छ ।

**च)　　बधाई र सिलाइ**

पाठय पुस्तकको बधाई र स्टेपलर पिन भन्दा धागोले सिएको हुनुपर्छ । बाँध्दा पाना पल्टाउन सजिलो हुने तथा कडा नभई पाना पल्टाउन सकिने गरी नछुटिने गरी बाँधिएको हुनु पर्दछ ।

**छ)　　मूल्य**

पाठ्यपुस्तकको मूल्य नाफामूलक नभएर स्तरका साथै अभिभावकको आर्थिक आयलाई पनि ध्यान दिएर राखिएको हुनुपर्दछ । उक्त पाठ्यपुस्तकको मूल्य वस्तु उत्पादनको सिद्धान्तमा रहेर निर्धारण गरिनुपर्दछ ।

**ज)　　सुलभता**

पाठ्यपुस्तक सर्वसुलभ हुनुपर्दछ । सहरी क्षेत्रमा पर्याप्त पाइने पुस्तक ग्रामीण क्षेत्रमा अभाव भएको हुन्छ । यस्तो अवस्थामा विद्यार्थीहरूले पाठ्यक्रमद्वारा निर्देश गरिएका उद्देश्य हासिल गर्न पाउँदैनन् । तसर्थ भाषा पाठ्यपुस्तकलाई सर्वसुलभ गराउने प्रयत्नमा लाग्नु पर्छ ।

**झ)  विषय सूची**

विधागत पाठ प्रारम्भ हुनुभन्दा अगाडि भाषा पाठ्यपुस्तकमा विषय सूची राखिनु पर्दछ । विधा लेखक र पृष्ठ सङ्ख्या खुलाएर विषय सूची राखिनुपर्छ । विषय सूची हेरेर कुन पाठ कति पृष्ठमा छ भन्ने कुरा पत्ता लगाउन सकिन्छ ।

**ञ)  अक्षरको ठाउँ छोडाइ र आकार**

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराल निम्न माध्यमिक, माध्यमिक तहमा अक्षरहरू केही साना र केही कम दुरीमा हुनुपर्ने हुन्छ । अक्षरअक्षर बिचको अन्तराल शब्दशब्द बिचको अन्तराल र पङ्क्तिपङ्क्ति बिचको अन्तराल साना कक्षामाभन्दा माथिल्ला कक्षामा कम दुरी राम्रो मानिन्छ ।

**२.२.३ सारांश**

भााषा पाठय पुस्तकका बारेमा विभिन्न विद्वानहरूको आ-आफ्नै ढङ्गबाट परिभाषा दिएका छन् । तापनि पाठ्यपुस्तक वास्तवमा पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य परिपूर्तिका लागि सामग्री सङ्कलन गरी विशेषज्ञद्वारा तयार पारिएको पुस्तक नै भाषा पाठ्यपुस्तक हो भन्ने बुझ्नु पर्दछ । भाषा पाठ्यपुस्तकका आन्तरिक आधारहरूमा विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना, शब्दभण्डार, नमुना अभ्यास, चित्र भूमिका तथा निर्देशन र पाठ्यवस्तुहरूको प्रस्तुतिगत अवस्था आदिको अध्ययन विश्लेषण गरिएको छ भने यसको बाह्य तथा भौतिक आधार अन्तर्गत पाठ्यपुस्तकको आवरण, पृष्ठ, आकार वा बनोट, छपाइ, बधाई, कागजको स्तर मूल्य, सुलभता, विषय सूची आदि कुराहरूको आधारमा रही यसको परिचय प्रस्तुत गरिएको छ ।

# अध्याय : तिन

# पाठ्यक्रम अनुरूपताका दृष्टिले कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकको अध्ययन

## ३.१ विषय प्रवेश

कुनै पनि तहको पाठ्यपुस्तक त्यस तहको पाठ्यक्रमको आधारमा निर्माण गरिएको हुन्छ । पाठ्यक्रमले पाठ्यपुस्तक लेखक/सम्पादकलाई पाठ्यपुस्तक भित्र राखिने सामग्री बारे निर्देशित गरेको हुन्छ । त्यसै आधारमा पाठ्यपुस्तकमा पाठहरू समावेश गरिएको हुन्छ । पाठ्यक्रम एउटा लक्ष्यसम्म पुग्ने गोरेटो हो भने पाठ्यपुस्तक लक्ष्य पूर्ति गर्ने सामग्री हो । तसर्थ पाठ्यक्रम अनुरूपताका दृष्टिले पाठ्यपुस्तकको अध्ययन आवश्यक ठानिन्छ ।

भाषा पाठ्यपुस्तक अध्ययन गर्दा पाठ्यक्रम अनुरूपताको स्थितिलाई केलाउनु पर्ने हुन्छ । तसर्थ पाठ्यक्रम अनुसार पाठ्यपुस्तकमा पाठहरू राखेर मात्र विद्यार्थीहरूलाई निश्चित मार्ग दर्शन गर्न सकिन्छ । देशको राष्ट्रिय आवश्यकता अनुरूप पाठ्यक्रम निर्धारण गरिन्छ भने पाठ्यक्रम अनुरूप पाठ्यपुस्तक निर्धारण गरिन्छ ।

यस अध्ययनमा माध्यमिक तह कक्षा ९ को र निम्न माध्यमिक तह कक्षा ८ को पाठ्यपुस्तकमा समावेश गरिएका विधा, क्षेत्र, क्रम र पाठहरू पाठ्यक्रम अनुरूप छन्, छैनन् भनी हेर्न खोजिएको छ ।

### ३.१.१ उद्देश्य र पाठहरू

शिक्षालाई जीवनउपयोगी बनाइ भाषिक सिप प्राप्त गर्ने दिशामा सक्षम र सिर्जनशिल जनशक्ति तयार गर्ने उद्देश्य राखी पाठ्यक्रम निर्माण गर्ने र आवश्यकता अनुसार त्यसको परिमार्जन गर्ने काम समयसमयमा भइरहेको पाइन्छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ अनुसार २०५० सालमा निर्माण भई लागु भइरहेका विद्यालय तहका पाठ्यक्रमलाई समाजको आवश्यकता एवं परिवर्तित राष्ट्रिय सन्दर्भका सापेक्षतामा समसामयिक परिवर्तन गर्नु उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५ को प्रतिवेदनले सिफारिस गरे अनुसार राष्ट्र

र प्रजातन्त्रप्रति आस्थावान्, सामाजिक र प्राकृतिक वातावरणप्रति भाषित व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वास्थ्य स्वावलम्बी एवं चरित्रवान् नागरिक तयार गर्ने निम्न माध्यमिक तहको उद्देश्य रहेको छ भने देशको बहुसांस्कृतिक र लोकतान्त्रिक मूल्य मान्यताप्रति गर्व गर्दै सकरात्मक धारणाको विकास गर्ने, राष्ट्र विकासका लागि सक्षम, आत्मनिर्भर, सिपमूलक र तालिम प्राप्त मानव स्रोत उत्पादन गर्ने, इमान्दारिता आत्मनिर्भरता र रचनात्मक, परिश्रमीपन, सहयोगीपन, समूहमा काम गर्ने बानी, जवाफदेहिता र आत्मविश्वास जस्ता गुणहरूको विकास गर्ने, दैनिक क्रियाकलाप र सामाजिक जीवनमा सक्रिय सहभागिताका लागि सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता क्षमताको विकास गर्ने, दैनिक जीवनमा आइपर्ने समस्या समाधानका लागि उपयुक्त ज्ञान तथा सिपको विकास गर्ने राष्ट्रिय विकासका लागि राष्ट्रिय एकता सौहार्द र शान्ति कायम गर्न जातीय र सांस्कृतिक विविधताको महत्त्व बोध गराउन, राष्ट्रिय इतिहास, संस्कृति भूगोल, अर्थशास्त्र र वातावरणसँग परिचित गराउने, प्राविधिक र व्यावसायिक सिप विकास गर्नु र श्रमप्रति सम्मान गर्न सिकाउनु आत्मनिर्भर हुन जीवन निर्वाहका लागि आयआर्जन गर्न सक्ने क्षमता र सामान्य व्यावसायिक न्याय, लोकतन्त्रको मर्म र भावना बुझी सो अनुसार अभ्यास गर्ने लिङ्ग, अपाङ्गता, सामाजिक, आर्थिक, भौगोलिक, जातीय र सांस्कृतिक विविधताका आधारमा हुने वैयक्तिक भिन्नताको सम्मान गर्ने र जातजाति, छुवाछुत जस्ता सामाजिक कुरीतिहरूप्रति सचेत रही समाजसेवी समाज निर्माणमा सक्रिय रहने, रचनात्मक ज्ञान र सिपको विकास गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता आर्जन गर्ने जस्ता १२ बुँदे उद्देश्य नै माध्यमिक तहका पाठ्यक्रमका उद्देश्य हुन् । यिनै उद्देश्य अनुसार नै उक्त पाठ्यपुस्तकको तयार भएको देखिन्छ ।

### क) सुनाइ र बोलाइ

माध्यमिक तहको पाठ्यक्रम २०६४ को सुनाइ र बोलाइ सिपका उद्देश्यहरूलाई यस अन्तर्गत विभिन्न ध्वनिहरूको भिन्नता पहिल्याउन र उच्चारण गर्न शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न मौखिक अभिव्यक्तिहरूका क्रममा हाउभाउ, चेष्टा, आघात, लय, अभिनय, आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोही अनुसार मौखिक रूपमा व्यक्त गर्न, शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न, आफूले देखे सुनेको र पढेका विषयवस्तु वातावरण तथा घटनाका विषय बारेमा सिलसिला मिलाई व्यक्त गर्नु, विभिन्न प्रकारका

मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न, कुराकानी, प्रश्नोत्तर सम्वाद, वक्तृता, छलफल आदि मौखिक, अभिव्यक्तिहरूमा सक्रिय रूपमा सहभागिता दर्शाउन, आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन, सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न, मौखिक रूपमा अभिव्यक्त भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा आफ्ना शब्दमा भन्न जस्ता ८ वटा उद्देश्यहरू माध्यमिक तहको कक्षा ९ को विशिष्ट उद्देश्य अन्तर्गतको सुनाइ बोलाइका सिपका उद्देश्यहरूमा समावेश गरिएका छन् । त्यस्तै निम्न माध्यमिक तहको पाठ्यक्रम २०६४ को सुनाइ बोलाइ सिप अन्तर्गत उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याउन र सोही अनुरूप उच्चारण गर्न शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न, अरूले वर्णन गरेका कुराहरू बुझी आफ्नो शब्दमा व्यक्त गर्न, आफूले देखे सुनेका र पढेका बस्तु, वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न, साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन, मौखिक अभिव्यक्ति सुन्ने क्रममा प्रयुक्त हाउभाउ चेष्टा, अभिनय आदिको ख्याल गर्न, कुराकानी, प्रश्नोत्तर, सम्वाद वादविवाद, छलफलजस्ता मौखिक अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी तिनमा भाग लिन, भन्न चाहेका कुरालाई शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्ने जस्ता ९ वटा उद्देश्य राखिएका छन् । सुनाइ बोलाइ, सिप विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकका कथा, कविता, जीवनी, निबन्ध, रूपक, प्रवन्ध लगायतका विधाहरू समावेश गरिएका छन् । कथा, कविता, निवन्ध, प्रवन्ध, रूपक र जीवनी आदिबाट आनन्द लिने गरी सुन्न, बोल्न, संवाद गर्न, छलफल, वादविवादमा ध्यानपूर्वक सुन्न र सोही अनुसार अभिव्यक्ति दिनु पर्ने हुँदा सुनाइ, बोलाइ सिपको लागि बढी उपयोगी हुने देखिन्छ । सो को लागि कथा विधा अन्तर्गत कक्षा ९ मा शिशिर बसन्तको कथा, खड्गबहादुर कथा, भविष्य निर्माण कथा, कक्षा ८ मा खसीको तौल मनु र उपमन्युको परीक्षा, नुनको सोझो जस्ता पाठ राखिएका छन् ।

त्यसैगरी कक्षा ९ को निबन्ध विधामा हाम्रो देश हाम्रा अतिथि, मौरी पालन, वन विनाश रोकौं जस्ता राखिएका छन भने कक्षा ८ मा सबैको रक्षक कानून, दरवार, अन्तरिक्षायान, वन्यजन्तु र तिनको सुरक्षा जस्ता पाठ राखिएको छ । कक्षा ९ मा रूपक अन्तर्गत मानिस सबै एक हौं (सम्वाद) अपाङ्गता भएकाहरूप्रति हाम्रो दायित्व (वक्तृता) राखिएको छ भने दैनिकी अन्तर्गत उपत्यकामा चार दिन राखिएको छ । त्यस्तै जीवनी अर्न्तगत साहित्यकार

पारिजात, भिमसेन थापा, स्वामी विवेकानन्द, चार्ल्स डार्विन रहेका छन् । कक्षा ८ को जीवनी विद्या अन्तर्गत गोपालप्रसाद रिमाल, महाकवि कालिदास, फ्लोरेन्स नाइटिङ्गेल रहेका छन् । यी विधाको शिक्षणबाट विद्यार्थीहरूलाई सुनाइ, बोलाइ सिपको विकासमा मद्दत पुग्न सक्छ । यी पाठहरूमा केही मात्रमा अभ्यास राखिए तापनि प्रशस्त मात्रामा बोलाइ सिपको विकास हुने खालका मौखिक अभ्यासहरू जस्तैः छलफल गर, वाचन गर, शुद्ध गर, संवाद र भनाइ राख जस्ता प्रशस्त मात्रामा अभ्यास राखिएको पाइदैन् ।

**ख) पढाइ**

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले पढाइ सिप अन्तर्गत ६ वटा उद्देश्य राखिएको छ भने निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले पढाइ सिप अन्तर्गत ९ वटा उद्देश्य निर्धारण गरेको छ । मुख्यतः पढाइ सिपका लागि निबन्ध, प्रबन्ध, जीवनी, कविता र कथाहरू पर्दछन् । पाठ्यक्रमले पढाइमा गतिशिलता आउने गरी सस्वर एवं मौन वाचन गन शब्दार्थको अध्ययन कौशल बढाउन, बुझ्ने र अर्थ लगाउने क्षमताको विकास गर्न, पढेको कुराको दृढताका साथ अर्थ बताउन, विभिन्न उद्देश्यले सुहाउँदो गतिले पढ्न, लिखित भाषामा प्रयोग भएको विराम चिन्ह आदिका प्रचलित नियमहरू बुझ्न तथा अभिरुचिका साथ साहित्यका गुणहरू ग्रहण गर्न जस्ता उद्देश्यहरू राखिएका छन् । यस्ता उद्देश्य पुरा गर्नका लागि कक्षा ९ को कविता विधा अन्तर्गत भिखारी, वसन्त र सत्य सन्देश कविता राखिएको छ । त्यस्तै निवन्ध विधा अन्तर्गत हाम्रो देश हाम्रो दायित्व, मानिस सबै एकै हौं, दैनिकी अन्तर्गत उपत्यकामा चार दिन राखिएको छ । जीवनी अन्तर्गत साहित्यकार पारिजात, भिमसेन थापा, स्वामी विवेकानन्द, चार्ल्स डार्विन राखिएको छ । त्यस्तै कक्षा ८ को कविता विधा अन्तर्गत प्रश्नोत्तर, किसान, ओखलढुङ्गा, पृथ्वीसन्देश रहेका छन् । कथा विधा अन्तर्गत खसीको तौल, मन, उपमन्यूका परीक्षा, घरझगडा र नुनको सोझो रहेका छन् । निवन्ध अन्तर्गत सबैको रक्षक कानुन, दरवार, अन्तरिक्षयान, वन्यजन्तु र तिनको सुरक्षा, पर्यटन र जैविक नियन्त्रण विधि रहेका छन् । जीवनी अर्न्तगत गोपालप्रसाद रिमाल, महाकवि कालिदास, फ्लोरेन्स नाइटिङ्गेल, विश्वेश्वरप्रसाद कोइराला, म्याडम क्युरी रहेका छन् । रूपक अन्तर्गत धन भन्दा विद्या ठूलो (वादविवाद) रहेको छ । यो सम्बन्धित पाठहरूको माध्यमबाट विद्यार्थीहरूलाई पढाइ सिप विकास गर्नको लागि आवश्यक पर्ने

अभ्यासहरूको छुट्टै व्यवस्था नगरिएकाले विद्यार्थीहरू पाठमा मात्र सीमित हुनुपर्ने अवस्था देखिन्छ ।

### ग) लेखाइ

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले नेपाली भाषाका चार सिप मध्ये लेखाइ सिपलाई विशेष महत्त्व दिँदै माध्यमिक तहमा ९ वटा र निम्न माध्यमिक तहमा १० वटा उद्देश्य राखिएका छन । कक्षा ८ को एकाङ्की विधा वाहेक कक्षा ८ र कक्षा ९ का सम्पूर्ण विधाहरूले लेखाइ सिपको विकास गर्दछन् । निम्न माध्यमिक तहको पाठ्यक्रम २०६४ ले लेखाइ सिपका लागि हिज्जे र वाक्य गठन मिलाइ सफा र शुद्धसँग लेख्न, विभिन्न चिन्हको उपयुक्त ढङ्गबाट प्रयोग गर्न, आफूले देखे सुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न, शब्द वाक्य र पाठका अंशहरू सुनेर लेख्न, सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न, पाठका विशिष्ट अंशहरू भावविस्तार गर्न, विभिन्न विषयहरूमा (अनुच्छेद, चिठी, निवेदन) आदि सिलसिला मिलाई लेख्न, आफ्ना रुचि अनुसारका विषयमा मौलिक रचना गर्न, स्तरअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रवन्ध लेख्न, व्याकरणका आधारभूत तत्त्व बुझी तिनको उपयुक्त प्रयोग गर्न जस्ता उद्देश्य रहेका छन् । त्यस्तै माध्यमिक तहको कक्षा ९ को लेखाइ सिप अन्तर्गत वर्णविन्यास (हिज्जे) र लेख्य चिन्हरू मिलाइ सफा र स्पष्टसँग लेख्न र लेखेको कुरा सच्याउन विभिन्न विषयहरूमा अनुच्छेद लेख्न, आफूले देखेका सुनेका र पढेको घटना तथा विषयवस्तुका बारेमा लिखित वर्णन गर्न मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदा टिपोट गर्न र सारांश लेख्न, विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न, व्यवहारमा उपयोगी हुने निवेदन, चिठी निमन्त्रणा, शुभकामना जस्ता पत्र लेख्न, दैनिकी, संवाद, वक्तृता र निबन्द, लेख्न, प्रचालित र सान्दर्भिक विभिन्न शब्द तथा उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न, लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालना गर्न जस्ता उद्देश्य रहेका छन् । यी उद्देश्य पुरा गर्न विभिन्न विधा अनुसार पाठ राखिएका छन् । कक्षा ९ को कथा विधामा शिशिर वसन्त, भविष्य निर्माण, खड्गबहादुर कविता विधामा, वसन्त, भिखारी, सत्य सन्देश निबन्ध विधामा हाम्रो देश हाम्रा अतिथि, मौरीपालन व्यवसाय, जीवनी विधामा साहित्यकार पारिजात, भमिसेन थापा, स्वामी विवेकानन्द, चाल्ड डार्विन त्यस्तै संवादमा मानिस सबै एकै

हौ । वक्तृतामा अपाङ्गहरूप्रति हाम्रो दायित्व, चिठीमा भान्जालाई चिठी र निवेदनमा वन विनाश रोकौ आदि पाठ राखिएका छन् त्यस्तै कक्षा ८ को कथा विधामा खसीको तौल, मनु, उपमन्युको परीक्षा, घरझगडा, नुनको सोझो, कवितामा प्रश्नोत्तर, निबन्धमा सबैको रक्षक कानुन, दरवार, अन्तरिक्षयान, वन्यजन्तु र तिनको सुरक्षा पर्यटन र जैविक नियन्त्रण विधि, जीवनीमा गोपालप्रसाद रिमाल, महाकवि कालीदास फ्लोरेन्स नाइटिङ्गेल, विश्वेश्वरप्रसाद कोइराला, म्याडम क्युरी, रूपकमा धनभन्दा विद्या ठुलो (वादविवाद) हामी एउटै हौ ( एकाङ्की), छात्रवृत्तिका लागि निवेदन र समाजसेवाको बाटो, चिठी आदि पाठहरू राखिएका छन् ।

यी विधाहरूबाट लेखाइ सिप पुरा हुने अपेक्षा गरेका देखिन्छ । पाठअनुसार नमुना अभ्यास गर्न विवेचनात्मक उत्तर दिने, प्रश्न, स-प्रसङ्ग व्याख्या, भाव व्याख्या, वाक्यमा प्रयोग गर्न अनुच्छेद लेखन, सारांश लेखन, शुद्ध गरी लेख्ने सामग्री समाविष्ट छन् । त्यस्तै चिठी, निबन्ध संवाद, वक्तृता, वादविवाद, एकाङ्की र निवेदन लेख जस्ता अभ्यासले पनि लेखन सिपलाई जोड दिएको छ । यसरी उक्त दुई पाठ्यपुस्तकमा दिइएका अभ्यासहरूले अन्य सिप परीक्षणभन्दा लेखाइलाई नै बढी जोड दिएको पाइन्छ ।

### ३.१.२ विधाको क्षेत्र, क्रम र पाठहरू

पाठ्यक्रमले समग्रमा निर्दिष्ट गरेका उद्देश्य परिपूर्तिका लागि मूलतः ७ वटा विधा (कथा, प्रवन्ध, निवन्ध, रूपक, कविता र जीवनी, चिठी र दैनिकी) भित्र कक्षा ९ मा १७ वटा पाठ र कक्षा ८ मा २४ वटा पाठहरूको क्षेत्र र क्रम निर्धारण गरेको छ । कक्षा ९ को पाठ्यक्रमले विधाको क्रमलाई क्रमशः कथा, कविता, जीवनी निबन्ध, रूपक, चिठी र दैनिकी गरी छुट्याएको छ भने कक्षा ८ को पाठ्यक्रमले प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक र कविता भनी छुट्याएको छ तर ९ को पाठ्यपुस्तकमा भने कविता, कथा, निवन्ध, चिठी, दैनिकी, जीवनी, संवाद, वक्तृत र कक्षा ८ को पाठ्यपुस्तकमा कविता, चिठी जीवनी, कथा, निवेदन, एकाङ्की, वादविवाद गरी समावेश गरिएको देखिन्छ । उक्त पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्रम, क्षेत्र र पाठ्यपुस्तकमा समाविष्ट विधाको क्रम  र क्षेत्रलाई परिशिष्ट एक र दुईमा देखाइएको छ ।

पाठ्यक्रमले निर्दिष्ट गरेका क्रम विधा र क्षेत्र अनुसार सामग्रीहरू पाठ्यपुस्तकमा समावेश भएको देखिन्छ । पाठ्यक्रममा राखेको क्रममा निबन्ध, कथा, जीवनी, चिठी, रूपक र पद्य ( कविता) रहेको छ । पाठ्यपुस्तकमा पाठ्यक्रमको क्रम अनुसार नराखी वा क्रम भङ्ग गरी कविता, निबन्ध, रूपक, जीवनी, चिठी र दैनिकी गरी राखिएको पाइन्छ । कक्षा ८ मा पाठ्यक्रमले कविता विधामा ४, कथा विधामा ५ देखि ६ सङ्ख्या तोकेको छ । त्यस्तै निबन्ध/प्रबन्ध विधामा ६ देखि ७ र रूपक विधामा २ देखि ३, जीवनी विधामा ४ देखि ५ पाठ सङ्ख्या तोकेको छ । यसरी कतै कतै विधा र क्रम नमिलेको हुँदा पाठ्यक्रम अनुरूपताका दृष्टिले केही क्रम भङ्ग भएको मान्न सकिन्छ ।

## ३.२ निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र निम्न माध्यमिक तहको कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तक २०६४ को अध्ययन

निम्न माध्यमिक तहको भाषा पाठ्यक्रमले पनि भाषा प्रयोगका सिप पक्षलाई नै बढी महत्त्व दिएको पाइन्छ । सिप विकासका लागि राष्ट्र र प्रजातन्त्रप्रति आस्थावान् सामाजिक र प्राकृतिक वातावरणप्रति भाषिक व्यवहारमा सक्षम, श्रमप्रति सकारात्मक प्रवृत्ति भएका स्वस्थ स्वावलम्बी एवं चरित्रवान् नागरिक तयार गर्ने उद्देश्य यस तहको रहेको छ । सोही अनुसार सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता चार वटा भाषिक सिपहरू तय गरी छुट्टाछुट्टै उद्देश्यहरू पनि तयार गरेकाले ती सिप अनुसार विधा, उपविधा वा पाठ  र अभ्यासहरू छन् छैनन् भनी केलाउने प्रयास गरिएको छ ।

### क) सुनाइ बोलाइ

निम्न माध्यमिक तहको पाठ्यक्रम २०६४ ले सुनाइ र बोलाइ सिपका उद्देश्यहरूलाई एउटै ठाउँमा समावेश गरेको छ । सुनाइ बोलाइ सिप अन्तर्गत कक्षा ८ का लागि निर्दिष्ट गरिएको पाठ्यक्रमले ९ वटा उद्देश्यहरू राखेको पाइन्छ । ती उद्देश्यहरूमा उच्चारित ध्वनिहरूको भिन्नता पहिल्याई उच्चारण गर्न, शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न, अरूले वर्णन गरेका कुराहरू बुझी आफ्ना शब्दमा व्यक्त गर्न, आफूले देखेका सुनेका र पढेका वस्तु वातावरण तथा घटनाका विषयमा सिलसिला मिलाई मौखिक वर्णन गर्न, विभिन्न किसिमका वर्णन तथा अभिव्यक्तिहरू सुनी तिनका मुख्य कुराहरू भन्न, साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी सुन्न र प्रतिक्रिया जनाउन, मौखिक अभिव्यक्ति सुन्ने

क्रममा प्रयुक्त हाउभाउ चेष्टा, अभिनय आदिको ख्याल गर्न, कुराकानी, प्रश्नोत्तर, संवाद, वादविवाद, छलफलजस्ता मौखिक, अभिव्यक्तिहरू ध्यानपूर्वक सुनी, तिनमा भाग लिन, भन्न चाहेका कुराहरू शिष्ट भाषा प्रयोग गरी हाउभाउपूर्ण र प्रभावकारी ढङ्गले व्यक्त गर्न सक्ने जस्ता उद्देश्य राखिएको पाइन्छ । पाठ्यपुस्तकमा सुनाइ बोलाइ सिपको विकास गर्ने उद्देश्यले पाठ्यपुस्तकमा कथा, कविता, प्रवन्ध, जीवनी, रूपक लगायतका विधाहरू समावेश गरिएका छन् ।

कथा विधा अन्तर्गत खसीको तौल, मनु, उपमन्युको परीक्षा, घरझगडा र नुनको सोझो जस्ता पाठ राखिएका छन् । त्यसैगरी कविता विधामा प्रश्नोत्तर, किसान, ओखलढुङ्गा र पृथ्वीसन्देश रहेका छन् । त्यस्तै प्रबन्ध विधामा सबैको रक्षक कानून, दरवार, अन्तरिक्षयान, वन्यजन्तु र तिनको सुरक्षा, पर्यटन, जैविक नियन्त्रण विधि रहेका छन् । त्यसैगरी जीवनी विधा अन्तर्गत गोपालप्रसाद रिमाल, महाकवि कालिदास, फ्लोरेन्स नाइटिङ्गेल, विश्वेश्वरप्रसाद कोइराला, म्याडम क्यूरी रहेका छन् । त्यस्तै रूपक विधा अन्तर्गत हामी एउटै हौं (एकाङ्की), धनभन्दा विद्या ठूलो भन्ने वादविवाद आदि रहेका छन् । यी विधाको शिक्षणबाट विद्यार्थीहरूलाई सुनाइ र बोलाइ सिपको विकासमा मद्दत पुग्न सक्छ । यी पाठमा पनि केही मात्रमा अभ्यास राखिए तापनि प्रशस्त मात्रामा बोलाइ सिपको विकास हुने खालका मौखिक अभ्यासहरू जस्तैः छलफल गर, वाचन गर, शुद्ध गर, वर्णन गर, भनाइ जस्ता प्रशस्त्र मात्रमा देखिन्छ ।

**ख) पढाइ**

निम्न माध्यमिक तहको पाठ्यक्रम २०६४ ले पढाइ सिपका लागि ९ वटा उद्देश्यहरू राखेको छ । जुन उद्देश्यहरू लिखित सामग्रीलाई गति, यति मिलाई शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न, पाठहरू पढी तिनका मुख्यमुख्य कुराहरू बुझेर बताउन, पाठमा व्यक्त भाव अनुसार, लय, सुर र आघात मिलाई, पढ्न, विभिन्न उद्देश्यले लिखित सामग्रीहरूको मौनवाचन गर्न, साहित्यिक विधाका पाठहरू आनन्द लिने गरी पढ्न र प्रतिक्रिया जनाउन, विभिन्न प्रयोजनका लागि प्रबन्ध, निबन्ध, जीवनी, कथा आदि पढ्न, पठित शब्दहरूको सौन्दर्यपूर्ण प्रयोग गर्न, उखान टुक्काहरूको अर्थ बुझी उपयुक्त ढङ्गले प्रयोग गर्न, विभिन्न विधाका पाठहरू पढी शब्द भण्डार वृद्धि गर्न जस्ता रहेका छन् । यस्ता उद्देश्य पुरा गर्न

पाठ्यपुस्तकमा कथा विधा ५, कविता विधा ४, प्रवन्ध विधा ६, जीवनी विधा ५, रूपक विधामा एकाङ्की १ र वादविवाद १ समावेश गरिएका छन् ।

यी सम्पूर्ण विधामा समावेश पाठहरूको माध्यमबाट विद्यार्थीहरूलाई पढाइ सिप विकास गर्नको लागि आवश्यक पर्ने अभ्यासहरू (लय हालेर वाचन गर, सस्वर वाचन गर, शुद्धसँग उच्चारण गर, मौन वाचन गर) समावेश गरिएका छन् ।

**ग) लेखाइ**

निम्न माध्यमिक तहको पाठ्यक्रम २०६४ ले कक्षा ८ को नेपाली पाठ्यपुस्तकको लागि १० वटा उद्देश्यहरू राखेको छ । यी उद्देश्यहरू हिज्जे र वाक्य गठन मिलाई सफा र शुद्धसँग लेख्न, विभिन्न चिन्हको उपयुक्त ढङ्गबाट प्रयोग गर्न, आफूले देखेसुनेका र पढेका वस्तु, वातावरण तथा घटनाका विषयमा लिखित वर्णन गर्न, शब्द वाक्य र पाठका अंशहरू सुनेर लेख्न, सुनेका र पढेका विषयवस्तुको सारांश लेख्न पाठका विशिष्ट अंशहरूको भाव विस्तार गर्न, विभिन्न विषयहरूमा (अनुच्छेद, चिठी, निवेदन, आदि) सिलसिला मिलाई लेख्न, आफ्ना रूचिअनुसारका विषयहरूमा सिलसिला मिलाएर प्रबन्ध लेख्न, व्याकरणका आधारभूत तत्व बुझी तिनको विद्यार्थीहरूमा लेखाइ सिप हासिल गराउनका लागि नेपाली पाठ्यपुस्तकका कथा, निबन्ध, जीवनी, चिठी, रूपक, कविता र व्याकरण जस्ता विधा उपविधा र तिनका सम्बन्धित पाठहरू समायोजन गरिएका छन् । पाठ्यपुस्तकमा समायोजन गरिएका प्रायः सबैजसो पाठहरू र तिनका अभ्यासहरूले लेखाइ सिपलाई बढी जोड दिएका छन् । भाषातत्व (व्याकरण) खण्डले पनि लेखाइ सिप विकासमा नै जोड दिएका छन् । यसका लागि हरेक पाठहरूको अन्तिममा अभ्यास खण्ड र तिनमा वाक्यमा प्रयोग गर्नुहोस्, उत्तर दिनुहोस्, व्याख्या गर्नुहोस्, सार लेख्नुहोस्, निबन्ध लेख्नुहोस्, चिठी लेख्नुहोस्, जीवनी लेख्नुहोस्, संवाद लेख्नुहोस्, खण्डन गर्नुहोस्, सारांश लेख्नुहोस्, आदि समावेश गरिएका छन् । त्यसैगरी व्याकरण वा आधारभूत नियम बुझी तिनको उपयुक्त वाक्य गठन गरी लेख्न भाषातत्व खण्डमा जोड दिई प्रशस्त अभ्यास राखिएका छन् । विराम चिन्हको उपयुक्त ढङ्गले प्रयोग गर्न हिज्जे मिलाई वाक्य गठन गर्न पनि जोड दिइएको छ ।

कुनै पनि कार्य सम्पन्न गर्न वा उद्देश्य प्राप्ति गर्न एक सिप बिना अर्को सिप हासिल गर्न सकिदैन र विकास पनि हुँदैन । तसर्थ शिक्षण सिकाइ गर्दा उपयुक्त यी सबै सिपहरूको क्रमशः हासिल गर्ने गरी शिक्षण गरिनुपर्दछ । कुनै विधाले कुनै सिप विशेषमा जोड दिने भए तापनि पाठ शिक्षण गर्दा हरेक विषयमा सबै खाले सिपको विकास गराउनुपर्दछ । माध्यमिक तहको पाठ्यक्रम कक्षा ९ निम्न माध्यमिक तहको पाठ्यक्रम कक्षा ८ अनुसार निर्मित पाठ्यपुस्तक केही हदसम्म व्यावहारिक, सिपमूलक, परिष्कृत, परिमार्जित भई आएको देखिन्छ । सुनाइ बोलाइ र लेखाइ सिप विकासकै पाठहरूको समावेश गर्न खोजिएकै देखिन्छ ।

## ३.३ माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ र माध्यमिक तहको कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ को अध्ययन

शिक्षालाई जीवनोपयोगी गराइ भाषिक सिप तथा व्यवहारमा सक्षम र सिर्जनशील जनशक्ति तयार गर्ने उद्देश्य राखी पाठ्यक्रम निर्माण गर्ने आवश्यकता अनुसार त्यसको परिमार्जन गर्ने काम समयमा भइरहेको पाइन्छ । राष्ट्रिय आयोग २०४९ र राष्ट्रिय उच्च शिक्षा आयोग २०५५ को प्रतिवेदनले सिफारिस गरे अनुसार समयसापेक्ष तथा भाषिक सिपमा दक्षता हासिल गर्ने उद्देश्य राखी पाठ्क्रममा परिवर्तन हुने गरेको पाइन्छ । विद्यालय तहमा नेपाली भाषा शिक्षणलाई प्रभावकारी एवम् व्यावहारिक बनाइ भाषिक दक्षता अभिवृद्धि गर्नका साथै वोध र अभिव्यक्तिको विकास गर्ने उद्देश्य निर्धारण गरिएको छ । उक्त उद्देश्य प्राप्तिका लागि पाठ्क्रमद्वारा लक्षित विषयवस्तुलाई विभिन्न स्रोत र साधनको उपयोग गरी अध्ययन अध्यापन गराउन पाठ्यपुस्तकमा विधा, उपविधा, र नमुना अभ्यासहरू चयन गरिएको देखिन्छ । यस पाठ्यक्रममा भएका चार सिपहरू सुनाइ बोलाइ, पढाइ र लेखाइ छुट्टाछुटै तयार गरेकाले ती सिपअनुसारका विधा, उपविधा, पाठ र अभ्यासहरू छन् छैनन् भनी केलाउने प्रयास गरिएको छ ।

### (क) सुनाइ र बोलाइ

माध्यमिक तहको पाठ्क्रम २०६४ ले सुनाइ र बोलाइ सिपका उद्देश्यहरूलाई एउटै ठाउँमा समावेश गरेको छ । यस अन्तर्गत हाउभाउ, चेष्टा, आघात, लय, अभिनय आदिको ख्याल गरी विभिन्न प्रकारका अभिव्यक्ति सुनेर सोहिअनुसार मौखिक रूपमा व्यक्त गर्न, शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न, आफूले देखे सुनेका र पढेका विषयवस्तु, वातावरण तथा घटना

वा विषयबारेमा सिलसिला मिलाइ व्यक्त गर्न, विभिन्न प्रकारका मौखिक अभिव्यक्ति सुनेर आफ्नो विचार व्यक्त गर्न, कुराकानी, प्रश्नोत्तर, संवाद, वक्तृता, छलफल आदि मौखिक अभिव्यक्तिहरूमा सक्रिय रूपले सहभागिता दर्साउन, आफूले भन्न चाहेका कुरा शिष्ट र उपयुक्त शैलीमा अभिव्यक्ति दिन, सन्दर्भ अनुसार उखान टुक्काको प्रयोग गरी बोल्न, मौखिक रूपमा अभिव्यक्ति भएका विषयवस्तु बुझी मुख्यमुख्य कुरा आफ्नो शब्दमा भन्न जस्ता आठवटा उद्देश्य राखिएका छन् । सुनाइ र बोलाइ सिपको विकास गर्ने उद्देश्य परिपूर्ति गर्न पाठ्यवस्तुमा रूपक, कथा, निबन्ध, जीवनी लगायतका विधाहरूलाई महत्त्वका साथ समावेश गरिएका छन् । कक्षा कार्यकलापका सन्दर्भमा सुनाइ, बोलाइ सिप हरेकजसो पाठमा हुने भए तापनि कथा, निबन्ध, प्रवन्ध, जीवनी, रूपक, कविता आदिबाट आनन्द लिने गरी सुन्न संवाद, छलफल, वादविवाद, ध्यानपूर्वक सुन्ने र सोही अनुसार अभिव्यक्ति दिनु, भनी क्रियाकलाप तोकिएका छन् । यी सिप हासिल गर्न प्रशस्त अभ्यास आवश्यकता पर्ने हुदा पाठ्यपुस्तकमा सुनाइ र बोलाइका विभिन्न अभ्यासहरू मौखिक उत्तर दिनुहोस्, छलफल गर्नुहोस्, वक्तृता कार्यक्रमको आयोजना गनुहोस्, तर्क राख्नुहोस्, वाचन गर्नुहोस्, सुनाउनुहोस्, अर्थ भन्नुहोस् जस्ता समावेश गरिएका छन् ।

**(ख) पढाइ**

माध्यमिक तह अन्तर्गतको कक्षा ९ को पाठ्यक्रममा लिखित सामग्रीलाई गति, यति र लय मिलाइ शुद्ध र स्पष्टसँग सस्वर वाचन गर्न, मुख्यमुख्य कुराहरू बुझ्ने गरी विभिन्न विषयवस्तुको प्रकृति अनुसार पढ्न, विभिन्न्न पाठहरू तथा तिनका विशिष्ट अर्थहरूको व्याख्या, सप्रङ्ग व्याख्या एवम् विवेचना गर्न सक्ने गरी पढ्न, विभिन्न विषयवस्तुहरू पढी शव्दभण्डार वृद्धि गर्न लिखित सामग्रीलाई विभिन्न प्रयोजनका लागि पढ्न जस्ता ६ ओटा उद्देश्यहरू राखिएका छन् । पाठ्यक्रमको उद्देश्य पूर्तिका लागि पाठ्यपुस्तकमा जीवनी, निबन्ध, कथा, कविता, आदि विधा अगाडि सारिएका छन् । कक्षा ९ को नेपाली किताबमा जीवनी विधा अन्तर्गत साहित्यकार पारिजात, भीमसेन थापा, स्वामी विवेकानन्द, हाम्रो देश हाम्रा अतिथि र मौरीपालन देखिन्छन् । त्यसैगरी कथा विधा अन्तर्गत शिशिर बसन्तको कथा, भविष्य निर्माण कथा खड्गबहादुर गरी तिन वटा कथा समाविष्ट छन् । कविता विधामा बसन्त, भिखारी, र सत्यसन्देश रहेका छन् । पढाइ सिप विकास गर्नका लागि लय हालेर वाचन गर्नुहोस् । पृष्ठ नं. २, ७३, १४१) शुद्धसँग उच्चारण वा उच्चारण गर्नुहोस् । (पृष्ठ नं.

३, २१, ५३, ६४, ७३, ८०, १००, १२०, १६७) अनुच्छेद पढी प्रश्नको उत्तर दिनुहोस् । (पृष्ठ नं. ३३, ४३, ५४, १६८) आदि छन् ।

पाठ्यक्रमहरूले राखेका उद्देश्यहरू र उद्देश्यले अपेक्षा गरेको सिप हासिल गर्नका लागि पाठ्यपुस्तकमा समाविष्ट सम्पूर्ण पाठहरूमा मौन तथा सस्वर पठन आवश्यक र अनिवार्य नै रहने हुँदा प्रायः सबै पाठहरू पढाइ सिप विकासमा क्रियाकलाप गराइएको पाइन्छ ।

**ग) लेखाइ**

माध्यमिक शिक्षा पाठ्यक्रम २०६४ ले कक्षा ९ को अनिवार्य नेपालीको लेखाइ सिप सम्बन्धी ९ वटा उद्देश्य निर्धारण गरेको छ । यी उद्देश्यहरूमा हिज्जे र लेख्य चिन्हहरू मिलाई सफा र स्पष्टसँग लेख्न, विभिन्न विषयहरूमा स-साना अनुच्छेद लेख्न, आफूले देखे सुनेका घटना र पढेका विषयवस्तुका बारेमा लिखित वर्णन गर्न मौखिक तथा लिखित अभिव्यक्तिहरूको बुँदा टिपोट गर्न र सारांश लेख्न, विभिन्न पाठ तथा तिनका विशिष्ट अंशहरूको व्याख्या, सप्रसङ्ग व्याख्या एवं विवेचना गर्न व्यवहारमा उपयोगी हुने निवेदन, चिठी निमन्त्रणा, शुभकामना जस्ता पत्रहरू लेख्न, दैनिकी, संवाद, वक्तृता र उखान टुक्काहरूको अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्न, लिखित अभिव्यक्तिको क्रममा व्याकरणका आधारभूत नियम पालन गर्न जस्ता रहेका छन् । यी उद्देश्य प्राप्त गरी विद्यार्थीहरूमा लेखाइ सिप हासिल गराउनका लागि नेपाली पाठ्यपुस्तकमा कथा, निबन्ध, जीवनी, चिठी, रूपक, कविता र व्याकरण जस्ता विधा, उपविधा र तिनका सम्बन्धित पाठहरू समायोजन गरिएका छन् । पाठ्यपुस्तकमा समायोजन गरिएका प्रायः सबैजसो पाठहरू र तिनका अभ्यासहरूले लेखाइ सिपलाई बढी जोड दिएका छन् । यसका लागि हरेक पाठहरूमा अन्तिममा अभ्यास खण्ड र तिनमा वाक्यमा प्रयोग गर्नुहोस्, अर्थ लेख्नुहोस्, उत्तर दिनुहोस्, मनोवाद लेख्नुहोस्, चिठी, जीवनी लेख्नुहोस्, संवाद लेख्नुहोस्, सारांश लेख्नुहोस्, अनुच्छेद लेख्नुहोस्, आदि समावेश गरिएका छन् । त्यसैगरी व्याकरण आधारभूत नियम बुझी तिनको उपयुक्त वाक्य गठन गरी लेख्न भाषातत्व खण्डमा प्रशस्त अभ्यास राखिएका छन् । विराम चिन्हको उपयुक्त ढङ्गले प्रयोग गर्न हिज्जे मिलाई वाक्य गठन गर्न पनि जोड दिइएको छ ।

कुनै पनि कार्य सम्पन्न गर्न वा उद्देश्य प्राप्ति गर्न एक सिप विना अर्को सिप हासिल गर्न सकिदैन र विकास पनि हुँदैन । तसर्थ शिक्षण सिकाइ गर्दा उपयुक्त यी सबै सिपहरूको क्रमशः हासिल गर्ने गरी शिक्षण गरिनुपर्दछ । कुनै विधाले कुनै सिप विशेषमा जोड दिने भए तापनि पाठ शिक्षण गर्दा हरेक विषयमा सबै खाले सिपको विकास गराउनुपर्दछ । माध्यमिक तहको पाठ्यक्रम कक्षा ९ निम्न माध्यमिक तहको पाठ्यक्रम कक्षा ८ अनुसार निर्मित पाठ्यपुस्तक केही हदसम्म व्यवहारिक, सिपमूलक, परिष्कृत, परिमार्जित भई आएको देखिन्छ । सुनाइ बोलाइ र लेखाइ सिप विकासकै पाठहरूको समावेश गर्न खोजिएकै देखिन्छ ।

### ३.३.१ विधा, क्षेत्र र क्रम तथा पाठहरू

नेपाली भाषा शिक्षणलाई प्रभावकारी तथा व्यावहारिक बनाउने उद्देश्य लिई भाषिक शिक्षण गर्न पाठ्यक्रमले कक्षा ८ र कक्षा ९ मा विधाहरू तोकेको छ । तिनीहरूको क्रम तथा क्षेत्र समेत निर्धारण गरिएको छ । सो क्षेत्र र क्रमलाई परिशिष्ट तिनमा उल्लेख गरिएको छ ।

त्यसै गरी कक्षा ८ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट विधाहरूको क्षेत्र, क्रम र पाठहरूलाई परिशिष्ट चारमा उल्लेख गरिएको छ ।

पाठ्यक्रम अनुरूपताका आधारमा कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तक (२०६४) र कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तक (२०६४) को अध्ययनमा पाठ्यक्रमले निर्धारण गरेका क्षेत्र विधाक्रम उद्देश्यअनुसार भए नभएको अध्ययन गरिन्छ ।

### ३.३.२ सारांश

पाठ्यक्रमले तोकेअनुसार क्रम, क्षेत्र, विधा दुवै पाठ्यपुस्तकमा समावेश भएको छैन । चारवटै भाषिक सिप विकास गर्ने अभ्यास राखेता पनि लेखाइ सिपको विकास गर्ने अभ्यास बढी समावेश भएका छन् । तसर्थ दुवै पाठ्यपुस्तकका विधा, क्रम, क्षेत्र र नमुना अभ्यास भाषिक सिप विकास जस्ता पक्षमा समानता छैनन् । त्यसैले यी पाठ्यपुस्तक पाठ्यक्रम अनुरूपता नभएको देखिन्छ ।

# अध्याय : चार

# दुई पाठ्यपुस्तकको बिच आन्तरिक र बाह्य आधारमा पाठ्यपुस्तकको विश्लेषण

## ४ कक्षा ८ र ९ को भाषा पाठ्यपुस्तकको आन्तरिक आधारमा अध्ययन विश्लेषण

### ४.१ कक्षा ८ को अनिवार्य नेपाली २०६४

#### ४.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकको वियषवस्तु, विद्यार्थीको क्षमता र स्तरअनुकुलको क्षेत्रबाट लिइएको हुनु पर्दछ । कक्षा ८ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा जम्मा २४ वटा पाठहरू राखिएका छन् । जसमा ४ वटा कविता, ६ वटा प्रबन्ध, ५ वटा जीवनी, ५ वटा कथा, २ वटा चिठी र २ वटा रूपक राखिएका छन् । कविता, छन्दलय, लोकलय, गीतिलय छन्दवद्धमा लेखिएका छन् । कथाहरूमा लोककथा, नीतिकथा, पौराणिक/ऐतिहासिक कथा र आधुनिक कथा छन् । रूपक विधा अन्तर्गत एकाङ्की र मनोवाद रहेका छन् । त्यस्तै जीवनी विधामा राष्ट्रिय र अन्तर्राष्ट्रिय छन् । प्रवन्ध विधामा सामाजिक/सांस्कृतिक, प्राकृतिक/वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक र व्यावसायिक रहेका देखिन्छन् ।

भाषा पाठ्यपुस्तकलाई समग्र रूपमा नियाल्दा विधागत विविधता देखिन्छ । विद्यार्थीको सिर्जनशिल क्षमतालाई विकास गर्ने खालको विभिन्न क्षेत्रका विषयवस्तुलाई समेटेको छ । जुन उपयुक्त नै छन् । पाठको विषयवस्तु अनुसार गहिराइमा जाँदा त्यति धेरै पाठ असम्भव भएकाले समाविष्ट पाठलाई हेरफेर गर्नु आवश्यक देखिन्छ ।

#### ४.१.२ विधा र प्रस्तुति

यस पाठ्यपुस्तकमा कथा, प्रवन्ध, जीवनी, रूपक, चिठी, कविता गरी जम्मा २४ वटा पाठ राखिएका छन् । जसलाई परिशिष्ट पाँचमा देखाइएको छ ।

कक्षा ८ को अनिवार्य नेपाली (२०६४ मा २४ वटा पाठहरू राखिएका छन्, जसलाई ६ विधामा विभाजन गरिएको छ । यी कविता ४, प्रवन्ध ६, जीवनी ५, कथा ५, चिठी २ र रूपक २ रहेका छन् । राष्ट्रिय, अन्तर्राष्ट्रिय साथै सांस्कृतिक जीवनी, ऐतिहासिक पौराणिक, लोक र आधुनिक कथा घरायसी र कार्यालयीय चिठी, एकाङ्की, वादविवाद, छन्दलय, लोकलय, गीतिलयमा लेखिएका विधाहरू रहेका छन् ।

### ४.१.३ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणका आधारहरू मध्ये नमुना अभ्यासलाई मुख्य आधार मानिन्छ । नमुना अभ्यासले सिकाइलाई प्रभावकारी बनाउने पनि उद्देश्यले राखेको पाइन्छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा विभिन्न प्रकारका अभ्यासहरू राखिएको छ । जसलाई परिशिष्ट छ मा देखाइएको छ ।

कक्षा ८ को नेपालीमा दिएका पाठको अभ्यास प्रकृति अनुसार दिइएको छ । प्रत्येक पाठका अन्त्यमा दिइएका नमुना अभ्यासमा एकरूपता नै देखिन्छ । कुनै पाठका नमुना अभ्यासका बिचबिचमा भाषातत्वका अभ्यास पनि राखिएका छन् । कुनै नमुना अभ्यासमा भाषातत्वलाई एकै ठाउँमा राखिएका छन् । मौखिक उत्तर देऊ जस्ता अभ्यासले विद्यार्थीको बोध पक्षको विकास गर्नमा सहयोग पुऱ्याउँछ । एक वाक्यमा र छोटो उत्तर आउने प्रश्नलाई पनि यस पाठ्यपुस्तकमा समावेश गरिएको छ ।

व्याख्या, स्वरवाचन, शुद्ध उच्चारण, शब्दार्थ जस्ता अभ्यासले विद्यार्थीको सुनाइ, पढाइ सिपको विकास गराउन सहयोग पुऱ्याएको पाइन्छ । त्यसैगरी सिर्जनात्मक अभ्यासले विद्यार्थीको सुनाइ, पढाइ तथा स्वतन्त्र रचना गर्ने पक्षको विकास गराउँछ । भाषातत्व अन्तर्गतका अभ्यासमा नाम छुट्याउने, उच्चारण गर्ने, अभ्यास दिएका छन् । त्यसैगरी लिङ्ग, वचन, आधार, काल, कालका पक्षहरूको समेत प्रश्नहरू नमुना अभ्यासमा राखिएको पाइन्छ । यी भाषातत्व अन्तर्गतका प्रश्नहरूलाई अभ्यासमा छुट्टै छुट्याएर गणना गर्न मिल्दैन । भाषा अन्तर्गतका पुरूष, आधार, निपात, वचन, काल, लेख्य चिन्ह, वर्ण विन्यास, पर्यायवाची, विपरितार्थक, अनेकार्थी, अनुकरणात्मक, श्रृतिसमभिन्नार्थ, करण, अकरण, अभ्यस्त भूत, अज्ञात भूत, वाच्य, निपात, अव्यय, कारक विभक्ति, आदि मिलाएर नमुना अभ्यास दिइएको

छ । भाषातत्वको नियमलाई अभ्यासमा दिइएको छैन । विशेष ज्ञानका लागि सम्वाद, कार्यालयीय निवेदन, वक्तृता, सप्रसङ्ग व्याख्या लेख्ने तरिका, अनुच्छेद लेखन, अर्थको आशय स्पष्ट पार्ने जस्ता सिप सिकाउने नमुना अभ्यास पनि पाठ्यपुस्तकमा समावेश गरिएको पाइन्छ । तर पाठ्यपुस्तकमा समाविष्ट अभ्यासहरू विद्यार्थीको सुनाइबोलाइ, पढाइ र लेखाइ क्षमतामा अभिवृद्धि गर्न खाजिएको देखिए तापनि औपचारिकता मात्र निर्वाह गरिएको देखिएको छ ।

### ४.१.४ भाषिक संरचना

कुनै पनि पाठ्यपुस्तकमा प्रयोग भएका शब्द, वाक्य र अनुच्छेद के कस्ता छन् ? कतिसम्म शब्द प्रयोग भएका छन् ? के कस्तो भाषा प्रयोग भएको छ ? ती कुराहरूको अध्ययन गर्नुलाई नै भाषिक संरचना भनिन्छ । वाक्य गठनमा शब्दहरूको प्रयोग भएको छ । वाक्य गठनमा शब्दहरूको प्रयोग, वाक्यमा प्रयुक्त शब्द सङ्ख्या आदिलाई हेर्न सकिन्छ ।

भाषा पाठ्यपुस्तकमा उपयुक्त भाषाको भाषिक संरचना विद्यार्थीको क्षमता अनुकुल शुद्ध र सन्दर्भमूलक हुनुपर्दछ । निमावि तहमा प्रयोग हुने भाषा पाठ्यपुस्तकको भाषिक संरचना निमावि तहकै हुनुपर्दछ । पाठ्यपुस्तकको प्रत्येक विधाको अन्त्यमा राखिएका कठिन शब्द र अर्थलाई नयाँ शब्द भण्डार मान्न सकिन्छ । यस्ता शब्दहरू कक्षा ८ को पाठ्यपुस्तकमा ३५८ वटा शब्दहरू छन् ।  वाक्य गठन र शब्द चयनको दृष्टिमा १/२ शब्दका वाक्य देखि ११८ वटा वाक्यहरू समावेश हुनुका साथै ५२/७२ शब्दहरू भएका लामा वाक्यहरू समावेश गरिएका छन् । लम्वाइका दृष्टिबाट विधागत पाठहरूको संरचना हेर्दा १६ पङ्क्तिको कविताबाट प्रारम्भ भएको छ भने त्यसपछि १४, १८, २०, ४० र २२  पङ्क्तिका कविताहरू छन् । प्रबन्ध लेखहरूका ५२, २६, ५५, ५६, ४२, ४० वाक्य रहेका छन् । कथाहरूमा ८१, २१५, ८६, ७९ वाक्य गठन गरिएको पाइन्छ । जीवनी लगायतका अन्य विधामा पनि सोही अनुपातमा नै वाक्यको गठन गरिएको पाइन्छ ।

यस पाठ्यपुस्तकमा सबै भन्दा ठूलो पाठ मनु कथा हो । जुन पाठमा साना ठूला गरी २६ अनुच्छेद र २१५ वाक्य समावेश छन् । यस पुस्तकमा सरल, मिश्र, संयुक्त वाक्यहरूद्वारा

संरचित छन् । व्याकरण सम्बन्धी अभ्यासहरू पनि गरिनु पर्ने भन्दा कम नै समावेश भएको पाइन्छ ।

## ४.२ कक्षा ९ को अनिवार्य नेपाली

### ४.२.१ विषयवस्तु

यस पाठ्यपुस्तकमा जम्मा १७ वटा पाठहरू राखिएका छन् । जसमा ३ वटा कविता, ३ वटा कथा, २ वटा निबन्ध, ४ वटा जीवनी, २ वटा रूपक, २ वटा चिठी र १ दैनिकी राखिएका छन् । कविता, संस्कृतिप्रधान, प्रकृतिप्रधान, समाजप्रधान छन् । कथामा लोककथा इतिहास प्रधान कथा र बालमनोविज्ञानिक कथा समावेश देखिन्छन् । रूपकमा संवाद, वक्तृता छन् । जीवनीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय निबन्धमा वस्तुपरक र आत्मपरक अर्थात सामाजिक, प्राविधिक, व्यावसायिक प्रकृतिका छन् भने चिठीमा घरायसी, निवेदन, कार्यालयीय तथा निमन्त्रणा र शुभकामना र दैनिकी पनि विषयवस्तुको रूपमा लिइएको पाइन्छ ।

### ४.२.२ विधा तथा प्रस्तुति

कक्षा ९ को नेपाली कितावमा जम्मा १७ वटा पाठहरू राखिएका छन् । जसममा कथा, कविता, निबन्ध, जीवनी, रूपक, दैनिकी र चिठीहरू पर्दछन् । जसलाई परिशिष्ट सातमा देखाइएको छ ।

यसरी पाठ्यपुस्तक जम्मा १७ वटा पाठहरू राखिएको पाइयो । जसमा ७ वटा विधा विभाजन गरिएको छ । यी मध्ये ३ वटा कविता, ३ वटा कथा, ४ वटा जीवनी, २ वटा निबन्ध/प्रबन्ध, २ वटा चिठी, २ वटा रूपक र १ वटा दैनिकी राखिएको पाइयो । दैनिकीलाई विधामा समावेश गरिए तापनि सङ्ख्या र क्षेत्र छुट्याइएको पाइदैन । कविताहरू नीति प्रधान, ऐतिहासिक र प्रकृतिप्रधान छन् । यी मात्रा, वंशस्थ एवंम स्रग्घरा छन्दमा लेखिएका छन् । कथाहरूमा लोककथा, ऐतिहासिक, प्रेरक र आविष्कारक छन् । निबन्धमा बस्तुपरक र आत्मपरक निबन्धहरू समावेश गरिएका छन् । तिन किसिमका चिठी मध्ये २ वटा चिठी व्यक्तिगत र निवदेन कार्यालयीय चिठी राखिएको छ । रूपक विधा अन्तर्गत संवाद र वक्तृता राखिएका छन् ।

गद्य पाठहरूको प्रत्येक पाठमा अनुच्छेदलाई क्रमशः अनुच्छेद नम्बर राखिएको छ । पाठको प्रत्येक पृष्ठमा कठिन शब्दहरू र अर्थ पनि दिइएका छन् । ती कठिन शब्दलाई नै कालो मसिले बोल्ड गरिएको छ , पाठको शुरूमा पाठ् सङ्ख्या, विधा र शीर्षक दिइएको छ । कतिपय विधाहरू पाठ्क्रमले कक्षा ९ को नेपालीमा राखिएको पाइदैन । पाठ्क्रमले तोकिएका विधा कक्षा ९ र १० दुवैका लागि भएकाले कक्षा ९ मा नभएमा विधा कक्षा १० मा पनि राखिएको पाइन्छ ।

**४.२.३ नमुना अभ्यास**

भाषा पाठ्यपुस्तकमा जे-जस्ता पाठ्यपुस्तकको संयोजन र संगठन गरिएको छ । सबै अभ्यासात्मक कार्यकलापले सर्वाधिक उच्च भूमिका रहेका छन् । भाषा पाठ्यपुस्तकको उद्देश्यअनुसार नमुना अभ्यासहरू राखिएका छन् । प्रत्येक पाठका अन्त्यमा एक वाक्यमा उत्तर आउने, अति संक्षिप्त, उत्तर दिने प्रश्न र विवेचनात्मक प्रश्न, व्याख्या, सप्रसङ्ग व्याख्या, भावस्पष्ट पार्ने, उच्चारण अर्थ, वाक्यमा प्रयोग गर्ने, पाठको सार लेख्ने, सिर्जनात्मक अभ्यास, सस्वरवाचन, स्वतन्त्र रचना (पाठसँग सम्बन्धित श्रुतिलेखन बुँदाटिपोट) का अभ्यासहरू दिइएका छन् । भाषातत्व (व्याकरण) अन्तर्गत नाम, सर्वनाम, विशेषण, अव्यय, क्रियापद, पदसङ्गति, वाच्य (कर्तृ, कर्म, भाव) काल र पक्ष, भाव, कारक र विभक्ति, वाक्यमा प्रकार, वाक्य परिवर्तन (सरल, संयुक्त, मिश्र) शब्द निर्माण (उपसर्ग, कृदन्त, तद्धितान्त, समस्त शब्द) वर्ण विन्यास लेख्य चिह्न, अर्ध विराम, अल्प विराम, योजक चिह्न, उद्धरण चिह्न), ह्रस्व दीर्घ, शब्द भण्डार (पर्यायवाची, अनेकार्थी शब्द, विपरितार्थ, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थ, लघुतावची, सङ्क्षिप्त, समूहबाची शब्द, सिङ्गो शब्द), उखान टुक्का र पदयोग तथा पद वियोग आदि हुन् । कक्षा ९ नेपाली किताबमा भएका नमुना अभ्यासलाई परिशिष्ट आठमा देखाइएको छ ।

यी नमुना अभ्यासहरू कक्षा ९ को २०६४/६५ को नेपाली पाठ्यपुस्तकमा दिइएका पाठको प्रकृतिअनुसार नै अभ्यासहरूको समायोजन गरिएको छ । प्रत्येक पाठको अन्त्यमा दिइएका नमुना अभ्यासमा एक रूपता नै देखिन्छ । मौखिक उत्तर देऊ, जस्तो अभ्यासले विद्यार्थीको बोध पक्षमा विकास गर्न सहयोग पुऱ्याउँछ । एक वाक्य र छोटो उत्तर आउने प्रश्नलाई अति सङ्क्षिप्त प्रश्नमा समावेश गरिएको छ । सङ्क्षिप्त र विवेचनात्मक प्रश्नले विद्यार्थीहरूलाई

विषयवस्तु सम्बन्धी उत्तर दिन र पाठको अभ्यास खण्डमा रहेको प्रश्नहरूको उत्तर दिन सहयोग गर्दछ ।

सप्रसङ्ग व्याख्या, सस्वरवाचन शुद्ध उच्चारण शब्दार्थ जस्ता अभ्यासले विद्यार्थीको सुनाइ, पढाइ सिपको विकास गराउन सहयोग पुऱ्याउँछन् । सिर्जनात्मक, अभ्यास र स्वतन्त्र रचना (पाठसँग सम्बन्धित) अभ्यासले विद्यार्थीको सिर्जना पक्षको विकास गराउँछन् । शब्दभण्डार अन्तर्गत सिङ्गो शब्द, सङ्क्षिप्त शब्द, पर्यायवाची शब्द, विपरितार्थक शब्द, श्रुतिसमभिन्नतार्थक शब्द, लघुतावाची शब्द, समूहवाचक शब्द, अनुकरणात्मक शब्द, उखान शब्द रहेका छन् ।

भाषा तत्व (व्याकरणमा) नाम, सर्वनाम, विशेषण, अव्यय, नामयोगी, क्रिया, क्रियापद, वाक्य, वाक्य परिवर्तन, कारक विभक्ति, पदवर्ग, वाक्य परिवर्तन, काल र पक्षहरू, भाव, शब्द निर्माण प्रक्रिया, वर्ण विन्यास (हिज्जे), लेख्य चिह्न, ह्रस्व, दीर्घ, पदयोग, पद वियोग, शिरविन्दु/चन्द्रविन्दु, निपात, संयोजक र पदसङ्गति (लिङ्ग, वचन, पुरूष र आदर आदि पर्दछन्

पाठ्यपुस्तकमा विशेष ज्ञानका लागि थप सामग्रीहरू पनि प्रत्येक पाठपछि दिइएको छ । जसले पाठ्यपुस्तकलाई साधनको रूपमा मात्र प्रयोग गर्ने विद्यार्थीहरूका लागि थप सामग्री बन्न जान्छ । यसले विद्यार्थीहरूलाई सम्बन्धित विषयवस्तुमा थप ज्ञान प्राप्त गर्न सहयोग पुऱ्याउछ ।

### ४.२.४ भाषिक संरचना

भाषिक संरचना भन्नाले शब्दभण्डार, शब्दरचना, वाक्यरचना, अनुच्छेद गठन आदि पर्दछन् । कक्षा ९ को यस नेपाली पाठ्यपुस्तकमा सबै भन्दा सानो वाक्य “मानिस सबै एकै हौं” संवाद शीर्षकको दोस्रो अनुच्छेदको किन र ? भन्ने वाक्य हो भने सबैभन्दा ठूला वाक्य “खड्गबहादुर कथा” शीर्षक पाठको चौथो अनुच्छेद यदि त्यो घोर व्यभिचार हटाउन सक्तैनस् भने पशुको समाजमा मिलेर घाँस खा, कालो ओडारमा गएर बस्, मानव इतिहास हेर्ने होस् भने दरो मुटु पारेर क्रान्ति गर्ने पर्छ , समाजका सर्पलाई टुक्र्याउँदै पर्छ , बेलीका

लहरा र चन्दनका रूखको विकास गराउनु नै पर्छ । सामाजिक रोगका यस्ता किटाणु जहाँसम्म पृथ्वीमा रहन्छन्, त्यहाँसम्म उन्नती भएन भनी कराउनु बर्षाको भ्यागुतो बन्नु हो ।

यस वाक्यमा ५४ शब्दहरू छन्, यस पुस्तकमा सबै भन्दा सानो अनुच्छेद मानिस सबै एकै हौं, संवाद शीर्षकको दोस्रो अनुच्छेदको 'किन र ?' भन्ने वाक्य हो । ठूलो अनुच्छेद खड्गबहादुर कथा शीर्षक चौथो अनुच्छेद हो । यसमा २२ वाक्य र २४८ शब्दहरू छन् । यस पुस्तकमा प्रयोग भएका वाक्यहरू १ देखि ५४ शब्दले बनेका छन् । अनुच्छेदहरू एक शब्द र एक वाक्यदेखि २४८ शब्द र २२ वाक्यसम्मले बनेका छन् । यस पुस्तकको सबभन्दा ठूलो पाठ शिशिर वसन्त कथा हो । जसमा २३४५ शब्दहरू २१० वाक्य र ४६ अनुच्छेद समावेश छन् । त्यस्तै सबैभन्दा सानो पाठ बसन्त कविता हो । ५३ शब्द प्रयोग गरिएको १२ वाक्य र ३ अनुच्छेद समावेश गरिएको छ । यस पुस्तकमा सरल संयुक्त र मिश्र वाक्यको प्रयोग भएको पाइन्छ । माध्यमिक तहका लागि वाक्य निर्माणमा १०-१२ शब्दले बनेको वाक्य हुनु पर्छ भनिए तापनि नियम अगाल्न भने सकेको देखिदैन ।

## ४.३ भाषा पाठ्यपुस्तकको वाह्य वा भौतिक आधारमा अध्ययन विश्लेषण

### ४.३.१ कक्षा ८ को नेपाली पाठ्यपुस्तक (२०६४)

कक्षा ८ को नेपाली पाठ्यपुस्तक (२०६४)को आवरण पृष्ठ सेतो कागजमा रातो र कालो मसिले हाम्रो नेपाली किताव कक्षा ८ लेखिएको छ । पृष्ठको दायाँ तिर सेतो पृष्ठलाई ८ अङ्क लेखिएको छ भने तल र माथि दुईदुई वटा रातो मसीले धर्सा दिइएको छ । पुस्तकको पछाडि आवरण पृष्ठमा कक्षा ९ को कक्षागत गीत भनेर कालो मसिले लेखिएको छ र पृष्ठको बिच तिरको भागमा रातो मसीले पोती कालो मसीले कक्षागत गीत लेखिएको छ । प्रकाशन नेपाल सरकार, शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र सानो ठिमी भक्तपुर तल पट्टीको वायाँ तिर लोगो समेत राखिएको छ भने दायाँ पट्टी मुद्रक ग्लोवल शैक्षिक विकास केन्द्र प्रा.लि. पोखरा औद्योगिक क्षेत्र, पोखरा, कास्की, लेखिएको छ । आकारको दृष्टिकोणले यसको लम्वाइ २४.५ से.मी. र चौडाइ १७.८ से.मी. रहेको छ । यसको मोटाइ ०.७ से.मी. छ । जसमा १२२ पृष्ठ रहेका छन् छपाइको दृष्टिले समयानुकूल नै देखिन्छ ।

### ४.३.२ कक्षा ९ को नेपाली पाठ्यपुस्तक (२०६४)

कक्षा ९ को नेपाली पाठ्यपुस्तकको आवरण पृष्ठको माथिल्लो किनारा नीलो रङ्गको छ । आवरण पृष्ठको माथिल्लो किराना बाहेक अरू तिन भाग हरियो हल्का रङ्गको छ । तलको भाग नीलो रङको हिमालको चित्र छ । पाठ्यपुस्तकको पछाडिको आवरण पृष्ठका चारै किनारामा हरियो रङ र वीचको भागमा सेतो रङमा निलो रङको कक्षागत गीत लेखिएको छ । कक्षागत गीतको तलतिर बायाँ पट्टीको किनारामा पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरको लोगो छ भने दायाँपट्टीको किनारामा जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमी भक्तपुरको लोगो रहेको छ ।

आकारका दृष्टिले हेर्दा पाठ्यपुस्तकको लम्बाइ २४ से.मी चौडाइ १८ से.मी. र मोटाइ ०.९ से.मी रहेको छ । जसमा १७४ पृष्ठ रहेको छ । भित्र सेतो कागजमा कालो मसीले लेखिएको छ । अक्षरको बान्की मिलेकै देखिन्छ । दुवै ठाउँमा स्टेप्लर पिन लगाइ बाहिरबाट आवरण पृष्ठले छोपिएको छ । आवरण पृष्ठमा लेमिनेसन गरिएको छैन जसले गर्दा च्यातिने र पानीले भिज्ने डर देखिन्छ । विधागत पाठ सुरू हुनु भन्दा अगाडि नै पाठ, विधा, पृष्ठसङ्ख्या दिई विषय सूची राखिएको छ । पुस्तकको मूल्य पनि उपयुक्त नै देखिन्छ ।

## ४.४ सारांश

हाम्रो नेपाली पाठ्यपुस्तक कक्षा ८ (२०६४) र नेपाली पाठ्यपुस्तक कक्षा ९ (२०६४) का विषयवस्तु विद्यार्थीहरूको क्षमता र स्तर अनुकुल क्षेत्रबाट नै लिइएको पाइन्छ । यी सामग्री विषयगत विविधता साथै विद्यार्थीहरूको सिर्जनशील क्षमतालाई विकास गर्ने खालको देखिएता पनि कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा २४ वटा पाठ र कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा १७ वटा पाठहरू समावेश गरिएका छन् । कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ मा कविता विधाको संख्या ४ वटा शीर्षकमा समावेश गरिएको र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ मा कविता विधा सङ्ख्या ३ सङ्ख्यामा समावेश छन् । कक्षा ९ को नीतिप्रधान, समाजप्रधान, र प्रकृतिप्रधान छन् ।

कक्षा ८ मा समावेश भएका कविता शीर्षक भन्दा अलगै शीर्षकमा कक्षा ९ मा समाविष्ट देखिन्छन् । त्यसैगरी कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा ५ वटा कथा समावेश गरिएको छ

त्यस्तै कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा ३ वटा कथा समावेश गरिएको छ । कक्षा ८ मा लोक कथा, नीतिकथा, पौराणिक/ऐतिहासिक कथा, आधुनिक कथा समावेश छन् भने कक्षा ९ मा लोक कथा ऐतिहासिक कथा र बाल मनोवैज्ञानिक कथा समाविष्ट छन् ।

जीवनी विधाको सन्दर्भमा कक्षा ८ मा ५ वटा जीवनी र कक्षा ९ मा ४ वटा जीवनी दुवै कक्षामामा समावेश गरिएका छन् । जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा साहित्यकार/कलाकार समावेश छन् । निबन्ध/प्रबन्ध विधामा कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा ६ वटा प्रबन्ध विधा समावेश गरिएको छ भने कक्षा ९ मा २ वटा निबन्धलाई मात्र स्थान दिइएको छ पाइन्छ । प्रबन्ध विधामा सामाजिक/सांस्कृतिक, प्राकृतिका वातावरणीय, कलात्मक, वैज्ञानिक/प्राविधिक, व्यावसायिक छन् भने निबन्ध विधामा वस्तुपरक र आत्मपरक अन्तर्गत सामाजिक र प्राविधिका व्यावसायिक समावेश छन्, रूपक विधा अर्न्तगत कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा एकाङ्की र वादविवादलाई स्थान दिएको पाइन्छ भने कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा संवाद र वक्तृतालाई समावेश गरिएको छ । चिठीमा कक्षा ८ मा घरायसी र कार्यालयीय चिठीलाई समावेश गरेको छ । कक्षा ९ मा घरायसी, कार्यालयीयको साथसाथै निमन्त्रणा, शुभकामनालाई पनि समावेश गरेको पाइन्छ ।

कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा भने १ दैनिकीलाई पनि स्थान दिइएको छ । दुवै पाठ्यपुस्तकले भाषिक, सिप विकास गर्ने लक्ष्य राखेता पनि समग्रमा हेर्दा कक्षा ९ मा भन्दा कक्षा ८ मा धेरै पाठ राखिएको भएता पनि कक्षा ९ को भन्दा कक्षा ८ को पाठ्यपुस्तक कमजोर नै देखिन्छ । व्याकरण र शब्दभण्डारमा पनि कक्षा ८ मा जति समावेश हुनु पर्ने हो सो को पनि उचित तरिकाले समावेश गर्न नसकिएको हो की जस्तो देखिएको छ । कक्षा ८ का पाठ लगायत व्याकरण र शब्द भण्डार सरल र सो को तुलनामा कक्षा ९ का पाठ, व्याकरण र शब्दभण्डार जटिलनै देखिएको छ । नमुना अभ्यासमा पनि पाठ अनुरूप एकरूपताको कमी नै देखिन्छ । भाषिक संरचनामा १०/१२ शब्दले बनेको वाक्य हुनुपर्ने मान्यता रहेपनि कक्षा ८ मा १-१७ र कक्षा ९ मा १-३७ वटा शब्दले बनेका वाक्यहरू पाइन्छ । यी पाठ्यपुस्तकले शिक्षा शास्त्रीय नियमलाई अँगाल्न सकेको देखिदैन । तसर्थ कक्षा ८ को भन्दा कक्षा ९ को पाठ्यपुस्तक केही हदमा राम्रो भने मान्न सकिन्छ ।

# अध्याय : पाँच

# कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ र कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ का बिच तुलनात्मक अध्ययन

## ५.१ आन्तरिक आधार

भाषा पाठ्यपुस्तक लेखनका आ-आफ्नै सीमा र मान्यताहरू हुन्छन् । त्यस्ता सीमा र मान्यता हुँदाहुँदै पनि प्रत्येक पाठ्यपुस्तकहरू केही समानता र केही असमनता अवश्य नै हुन्छन् । पाठ्यपुस्तक अध्ययन र विश्लेषण्का आधारमा कक्षा ८को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को नेपाली पाठ्यपुस्तक एकै ठाउँमा राखी तुलनात्मक अध्ययन गरिएको छ । जसका समानता र असमानतालाई निम्न लिखित बुँदाका आधारमा तुलना गरिएको छ ।

### ५.१.१ विषयवस्तु

भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु नै त्यस पुस्तकको केन्द्रिय  र महत्वपूर्ण पक्ष हो । विद्यार्थीहरू शिक्षण सिकाइ क्रियाकलापमा सहभागी भए पछि उनीहरूले प्राप्त गर्ने ज्ञान सिपको स्रोत भनेको नै विषयवस्तु हो । तसर्थ भाषा पाठ्यपुस्तकमा समावेश गरिने विषयवस्तु विभिन्न स्रोतबाट लिइएको हुनुपर्दछ । फरकफरक स्रोतबाट सङ्कलन गरी समावेश गरिएको विषयवस्तु विद्यार्थीको रूचि, स्तर र क्षमता अनुकुलको हुनुपर्दछ । उनीहरूको अनुभव भित्रको पाठ्यपुस्तक निर्माण हुनुपर्दछ । साथै विद्यार्थीको पूर्वज्ञान र भाषिक आवश्यकतालाई ख्याल गरी सिपमूलक अभ्यासमा टेवा पुऱ्याउने सक्ने किसिमको हुनु पर्दछ । विषयवस्तु नैतिक मूल्य र मान्यता जगाउने, चरित्र निर्माणमा सहयोगी हुने, श्रमप्रति आस्था राख्ने, सिर्जनशील भावना जागृत गराउने, भौगोलिक तथा सांस्कृतिक विविधतालाई समेट्ने, देशप्रेम एवं राष्ट्रियप्रेम जगाउने, लैङ्गिक समानतालाई वढवा दिने प्रकृतिका हुनु आवश्यक ठानिन्छ । कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४मा राखिएको सामग्री मध्ये विषयवस्तुका दृष्टिले सामाजिक, सौन्दर्यपरक, वैज्ञानिक, व्यवसायिक, वातावरणीय, लोक, ऐतिहासिक, पौराणिक, आधुनिकता, साहित्यकार, विद्वान तथा,  प्रेरक चरित्र, आविष्कारक, नैतिक, प्रकृति, वर्णानात्मक विषयवस्तु चयन गरिएको देखिन्छ । यी विषयवस्तुले विद्यार्थीको भाषिक ज्ञान सिपको पक्षलाई समेट्ने देखिन्छ ।

कक्षा ९ कै नेपाली पाठ्यपुस्तक २०६४ मा राखिएका विषयवस्तु सामान्यताः पौराणिक, नैतिक, ऐतिहासिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयसँग, सम्बन्धित देखिन्छन् । यी विषयवस्तु प्रकृतिप्रधान, संस्कृतिप्रधान, बालमनोवैज्ञानिक, ऐतिहासिक तथा अन्तर्राष्ट्रिय विचारक एवं आविष्कारको प्रेरणा र नैतिक चरित्र प्रदान गर्ने जस्ता पक्षमा जोड दिइएको पाइन्छ ।

यी पाठ्यपुस्तकमा राखिएका विषयवस्तुलाई निम्न तालिकाबाट प्रस्तुत गरिन्छ ।

**तालिका नं. १**

**पाठ्यपुस्तकहरूको विषयवस्तु तालिका**

| **क्र. सं.** | **पाठ्यपुस्तक** | **कविता** | **कथा** | **निबन्ध/ प्रबन्ध** | **रूपक** | **जीवनी** | **चिठी** | **दैनिकी** |
|---|---|---|---|---|---|---|---|---|
| १ | कक्षा ८ को नेपाली पाठ्य पुस्तक २०६४ | छन्दलय, लोकलय, गीतिलय | लोककथा, नीतिकथा, पौराणिक/ ऐतिहासिक कथा आधुनकि कथा | सामाजिक/ सांस्कृतिक, प्राकृतिक/ वातावरणी, कलात्मक, वैज्ञानिक/ प्राविधिक, व्यावसायिक | एकाङ्की र वद विवाद | राष्ट्रिय/ अन्तर्राष्ट्रिय, साहित्यकार/ कलाकार, विद्वान/ विचारक, आविष्कारक/ प्रेरक व्यक्तित्व | घरायसी र कार्यालयीय | |
| २ | नेपाली पाठ्य पुस्तक २०६४ | नीति प्रधान, प्रकृति प्रधान, समाज प्रधान, ऐतिहासिक | लोककथा, बाल मनोवैज्ञानिक र ऐतिहासिक | वस्तुपरक र आत्मपरक सामाजिक र व्यावसायिक | संवाद र वक्तृता | राष्ट्रिय विचारक अन्तर्राष्ट्रिय विचारक ऐतिहासिक आविष्कारक | घरायसी निवेदन कार्यालय नियन्त्रणा | घरायसी |

यी शीर्षकहरूमा अनुच्छेदलाई क्रमशः कक्षा ८ मा अनुच्छेद नम्बर राखिएको छैन । कक्षा ९ मा भने अनुच्छेद नम्बर राखिएको छ । दुवै पाठ्यपुस्तकमा पाठको प्रत्येक पृष्ठमा कठिन शब्दहरू र अर्थ पनि दिइएको छ । ती कठिन शब्दहरूलाई पाठमा नै कालो मसीले बोल्ड

गरिएको छ । पाठको शुरुमा नै पाठ्य संख्या, विधा र शीर्षक दिइएको छ । कतिपय सामग्री पाठ्यक्रमले तोकेका विधा (कक्षा ८ र ९ ) दुवै कक्षाका लागि उपयोगी भएकाले नेपाली पाठ्यपुस्तक २०६४ कक्षा ८ मा नभएका विधा कक्षा ९ समावेश गरिएको पाइन्छ ।

### ५.१.२. विधाको प्रस्तुति

भाषा पाठ्यपुस्तकमा राखिएका विधाहरू विद्यार्थीको स्तर अनुकुल र रूचि पैदा गर्ने हुनुपर्दछ । कक्षाको स्तरलाई ख्याल गरी सबै विधालाई समानुपातिक दृष्टिले वितरण गरिएको हुनु पर्दछ । कथा, कविता, प्रबन्ध आदिलाई सुहाउँदो किसिमले उपविधा सिर्जना गरी पाठ्यवस्तुको समायोजन गरिएमा पाठ्यक्रमको उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ र विद्यार्थी सिप विकासका लागि अगाडि बढ्न सुअवसर प्राप्त गर्न सक्षम बन्छन् । विधागत विविधताले सिकाइ रूचिपूर्ण तथा प्रेरणा प्राप्त गर्ने हुनाले विधाको छनौट उपयुक्त किसिमले गरिनुपर्दछ । यस अध्ययनमा माध्यमिक तहको कक्षा ९ को र निम्न माध्यमिक तह कक्षा ८ को विधाका क्षेत्र र क्रमको आधारमा पाठ्यपुस्तकको तुलना गरिन्छ ।

**प्रबन्धः**

निम्न माध्यमिक तहको कक्षा ८ को प्रबन्ध क्षेत्रहरुमा सामाजिक, सांस्कृतिक, प्राकृतिक वातावरणीय व्यवसायिक र कलात्मक जस्ता पक्षलाई समेटेको छ । जस अन्तर्गत सबैलाई रक्षक कानुन, दरबार, अन्तरिक्ष यान, वन्य जन्तु र तिनको सुरक्षा, पर्यटन, जैविक नियन्त्रण विधि जस्ता विषयवस्तुलाई स्थान दिइएको छ ।

**निबन्ध :**

माध्यमिक तहको कक्षा ९ मा निबन्धका क्षेत्रहरुमा वस्तुपरक र आत्मपरकअन्तर्गत सामाजिक र व्यवसायिक निबन्ध समाविष्ट गरिएको छ । जस अन्तर्गत हाम्रो देश हाम्रो अतिथिले देशको ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक वातावरणीय जस्ता पक्षलाई समेटेको छ भने मौरीपालनले नेपालको व्यवसायिक प्रणालीलाई औल्याएको छ ।

**कथाः**

निम्न माध्यमिक तह कक्षा ८ को कथा क्षेत्र अन्तर्गत लोक कथा, नीति कथा, पौराणिक कथा, आधुनिक कथा बन्न पुगेको देखिन्छ । जसमा खसीको तौल, मनु, उपमन्युको परीक्षा,

घरझगडा र नुनको सोझो कथा समाविष्ट छन् । घर झगडा कथा परम्परागत कथा भएता पनि वर्तमान समयमा यसको उत्तिकै महत्त्व रहेको देखिन्छ । पौराणिक कथामा आधारित उपमन्युको परीक्षा कथा पनि नयाँ पिढीका लागि नीतिपरक कै रुपमा सावित भएको छ । त्यस्तै माध्यमिक तहको कक्षा ९ को कथा क्षेत्रहरु अन्तर्गत लोककथा, बालमनोवैज्ञानिक कथा र ऐतिहासिक कथालाई समेटेको पाइन्छ । जस अन्तर्गत शिशिर र बसन्तको कथा, भविष्य निर्माण कथा र खड्गबहादुर कथा रहेका छन् । शिशिर र बसन्तको कथा लोक जीवनमा आधारित कथा हो भने भविष्य निर्माण कथा पूर्णतः मनोवैज्ञानिक कथा हो । त्यस्तै खड्गबहादुर कथा ऐतिहासिक कथा भनेर दिइए पनि समसामयिक भएकाले यो कथा सामाजिक तथा आधुनिक बन्न पुगेको देखिन्छ । बद्रीनाथ भट्टराईले लेखेको यो कथा १९८४-८५ तिरको भएपनि अहिले आएर सो घट्ना हालको वातावरण तथा परिस्थितिसँग मिल्ने हुनाले यसलाई सामाजक इतिहासको सत्य घटना भनी ऐतिहासिक प्रमाणित गर्न खोजिए पनि यो सामाजिक कथा क्षेत्रमा नै समेटिन्छ ।

**जीवनी :**

निम्न माध्यमिक तहको कक्षा ८ को जीवनी विधाको क्षेत्रअन्तर्गत साहित्यकार, कलाकार, विद्वान विचारक, प्रेरक व्यक्तित्व र आविष्कारकलाई स्थान दिइएको छ । जसमा गोपालप्रसाद रिमाल, महाकवि कालिदास, फ्लोरेन्स नाइटिङ्गेल, विश्वेश्वरप्रसाद कोइराला र म्याडम क्युरी रहेका छन् । कक्षा ८ को जीवनी विधामा भने आविष्कारलाई स्थान दिइएको छ । साथै प्रेरक व्यक्तित्वको पनि महत्वलाई दर्शाउन खोजिएको छ । माध्यमिक तहको कक्षा ९ को जीवनी क्षेत्रलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी दुई भागमा विभाजन गरिएको छ । राष्ट्रिय जीवनी अन्तर्गत भिमसेन थापा र साहित्य पारिजात रहेका छन् । अन्तर्राष्ट्रिय जीवनी अन्तर्गत स्वामी विवेकानन्द र चार्ल्स डार्बिन रहेका छन् । जुन जीवनी पाठ्यक्रमले तोकेका राजनीतिक, साहित्यिक र कलासँग सम्बन्धिन क्षेत्रलाई समेटेको देखिन्छ । स्वामी विवेकानन्द जसले विचारको जीवनी भन्ने क्षेत्रलाई समेटेको छ । यसरी हेर्दा राष्ट्रिय जीवनी र अन्तर्राष्ट्रिय जीवनी अन्तर्गत आविष्कारको जीवनीलाई भने कक्षा ९ को पाठ्यपुस्तकले समेट्न सकेको छैन ।

**चिठी :**

निम्न माध्यमिक तह कक्षा ८ को चिठी विधामा निवेदन र घरायसी चिठीलाई समेटिएको छ । छात्रवृत्तिको लागि निवेदन निवेदन हो भने समाजको बाटो घरायसी चिठी हो । दुवै पाठ्यपुस्तकमा व्यापारिक चिठी भनेर उल्लेख नभएता पनि व्यापारिक चिठीको ढाँचा भने कक्षा ९ को पाठ्यपुस्तकले प्रस्तुत गर्न खोजिएको छ । चिठी अन्तर्गत माध्यमिक तहको कक्षा ९ मा घरायसी चिठी, कार्यालयीय चिठी, निमन्त्रणा र शुभकामनालाई समेटिएको छ । भान्जालाई चिठी घरायसी चिठी हो भने वन विनास रोकौं कार्यालयीय चिठी हो ।

**रूपक:**

निम्न माध्यमिक तह कक्षा ८ को पाठ्यपुस्तकले एकाङ्की र वादविवाद क्षेत्रलाई समेटेको छ । एकाङ्कीमा 'हामी एकै हौं' र वादविवादमा 'धन भन्दा विद्या ठूलो' शीर्षक रहेका छन् । कक्षा ८ को पाठ्यपुस्तकले सम्वाद, वक्तृता क्षेत्रलाई भने समेट्न सकेको छैन । माध्यमिक तह अन्तर्गत कक्षा ९ को पाठ्यपुस्तकले रूपक विधा भनेर सम्वाद र वक्तृता राखेको छ । 'मानिस सबै एकै हौं' सम्वाद हो भने 'अपाङ्गहरूप्रति हाम्रो दायित्व' वक्तृता हो । यस पाठ्यपुस्तकमा एकाङ्की र मनोवाद जस्ता क्षेत्रलाई समावेश गरिएको छैन ।

**दैनिकी:**

निम्न माध्यमिक तहको कक्षा ८ को पाठ्यपुस्तकमा दैनिकी समावेश छैन । माध्यमिक तहको कक्षा ९ को पाठ्यपुस्तकमा दैनिकीलाई स्थान दिइएको छ । दैनिकी अन्तर्गत 'उपत्यकामा चार दिन' रहेको छ ।

**कविता:**

निम्न माध्यमिक तहको कक्षा ८ को पाठ्यपुस्तकमा छन्दलय, लोकलय, गीतिलय क्षेत्र समावेश छन् । जस अन्तर्गत प्रश्नोत्तर, किसान, ओखलढुङ्गा र पृथ्वी सन्देश कविता रहेका छन् । प्रश्नोत्तर कविताले मानव मनमाथि प्रश्न गर्दै उत्तर पनि देखाइदिएको छ भने किसान कविताले नेपाली ग्रामीण जनजीवनको वास्तविक चित्रण गर्न खोजेको छ । माध्यमिक तहको कक्षा ९ को पाठ्यपुस्तकमा कविता विधा अन्तर्गत नीतिप्रधान, प्रकृतिप्रधान र समाजप्रधान जस्ता क्षेत्र रहेका छन् । कक्षा ९ को भाषा पाठ्यपुस्तकमा तिन वटा कविता समावेश

गरिएको छ । जुन 'सत्यसन्देश' नीतिप्रधान, 'भिखारी' समाजप्रधान र 'वसन्त' प्रकृतिप्रधान कविता हो । भिखारी कविताले समाजमा रहेको मानवप्रतिको तिरस्कृत व्यवहारलाई औल्याएको छ ।

दुवै पाठ्यपुस्तकमा समावेश अन्य विधा र क्षेत्रअन्तर्गतका भाषातत्व (पदसङ्गति, काल र पक्ष, भाव, वाच्य, धातु, कारक र विभक्ति, शब्दवर्ग, वाक्य संश्लेषण र विश्लेषण, विराम चिन्ह, शब्दनिर्माण प्रक्रिया र हिज्जे) र शब्दभण्डारलाई परिशिष्टमा उल्लेख गरिएको छ । कक्षा ८ को लागि र कक्षा ९ का लागि निर्दिष्ट गरिएको विधा र तिनको सङ्ख्या तलको तालिका उपयुक्त भिन्नतालाई यसरी देखाउन सकिन्छ ।

**तालिका नं. २**

**पाठ्यक्रमले निर्दिष्ट गरेको विधाको क्षेत्र क्रम**

| क्र.सं. | नेपाली भाषा पाठ्यपुस्तक २०६४ | नेपाली भाषा पाठ्यपुस्तक २०६४ |
|---|---|---|
| | नेपाली पाठ्यपुस्तकमा समावेश भएका विधा सङ्ख्या | नेपाली र पाठ्यपुस्तकमा समावेश विधा सङ्ख्या |
| कविता | ४ | ३ |
| कथा | ५ | ३ |
| निबन्ध प्रबन्ध | ६ | २ |
| रूपक | २ | २ |
| जीवनी | ५ | ४ |
| चिठी | २ | २ |
| दैनिकी | | १ |
| जम्मा | २४ | १७ |

२०६४ को पाठ्यक्रमले कक्षा ८ मा कविता विधा अन्तर्गत ४ वटा निर्दिष्ट गरिएको छ । पाठ्यक्रमले कथा विधामा ५-६, निवन्ध एवं प्रबन्ध विधामा ६-७, रूपक विधामा २-३, जीवनी विधामा ४-५, चिठीमा २ गरी २३-२७ विधाको निर्दिष्ट गरेको छ भने कक्षा ९ को पाठ्यपुस्तकमा भने कविता ४, कथा ५, निवन्ध/प्रबन्ध ६, रूपक २, जीवनी ५ र चिठी २

गरी २४ विधा निर्दिष्ट गरेको छ । २०६४ को पाठ्यक्रमले कक्षा ९ मा कविता विधा अन्तर्गत ३ वटा, कथामा ३, त्यस्तै अन्य विधाहरूमा पाठ्क्रमकै निर्देशन अनुसार सामान्य रहेका छन् । दुवै पाठ्यपुस्तकका विधागत आकारमा पनि धेरै नै भिन्नता देखिन्छ ।

विधागत पाठ रखाइक्रम दुवै पाठ्यपुस्तकमो पाठ्क्रम अनुसार मेल भएको देखिदैन । नेपाली भाषा पाठ्यपुस्तक कक्षा ८ र ९ को पहिलो पाठमा कविता विधा र दोस्रो पाठमा कक्षा ८ मा प्रबन्ध र कक्षा ९ मा कथा विधा राखिएको छ । त्यस्तै तेस्रो पाठमा कक्षा ८ मा जीवनी विधा र कक्षा ९मा निबन्ध विधा राखिएको छ । कक्षा ८ को चौथो पाठमा कथा र कक्षा ९ को चौथो पाठमा चिठी राखिएको छ । कक्षा ८ को पाँचौ पाठमा पुन प्रबन्ध विधा नै राखिएको छ । भने कक्षा ९मा जीवनी विधालाई समावेश गरिएको छ । यसरी क्रमशः कक्षा ८ को पाठ सात र १५ मा चिठी विधा, पाठ १२ र १६ मा वक्तृता अन्तर्गत एकाङ्की विधा समावेश गरिएको छ भने कक्षा ९ को पाठ १३ र १४ मा वक्तृता र कविता र पाठ ११ मा दैनिकी समावेश गरिएको छ ।

विद्यार्थीको रूचि क्षमता, स्तर र मनोवैज्ञानिकतामा आधारित सरलबाट जटिल तिर जानु पर्ने शिक्षाशास्त्री नियमलाई अवलम्बन गर्न खोजेको देखिए तापनि यी सामग्री सरकारी विद्यालयमा पठनपाठन हुने पुस्तक भएकाले सरलतामा सचेत हुन आवश्यक देखिन्छ ।

### ५.१.३. भाषिक संरचना

भाषा पाठ्यपुस्तकमा उपयुक्त भाषाका भाषिक संरचना र शैली विद्यार्थीको क्षमता अनुकुल शुद्ध र सन्दर्भमूलक हुनुपर्दछ । भााषिक संरचना भन्नाले वाक्य अनुच्छेद गठन पाठको संरचना आदिलाई बुझाउँछ । यस सोधमा सबै भन्दा लामो  र छोटो पाठ, पाठमा प्रयुक्त शब्द, वाक्य अनुच्छेद संख्या के कस्ता रहेका छन् भनी तुलना गरिएको छ ।

वाक्य गठन र शब्द चयनको दृष्टिबाट दुवै पाठ्य सामग्रीमा प्रत्येक विधागत पाठको अन्त्यमा राखिएका कठिन शब्द र अर्थलाई नयाँ शब्द भण्डार मान्न सकिन्छ । यस्ता शब्दहरू कक्षा ८ को नेपाली पाठ्यपुस्तकमा २२५८ वटा रहेका छन् । वाक्य गठन र शब्द चयनको दृष्टिमा १-२ शब्दका वाक्यदेखि लिएर ५२ देखि ७२ शब्दहरू समावेश भएका लामा

वाक्यहरू समावेश गरिएका छन् । लम्वाइका दृष्टिबाट विधागत पाठहरूको संरचना हेर्दा कविताबाट प्रारम्भ भएको छ भने त्यस पछि १४, १८, २०, ४० र २२ पक्तिका कविताहरू रहेका छन् । प्रबन्ध लेखहरूमा ५२, २६, ५५, ५६, ४२, ४०, वाक्य रहेका छन् । त्यस्तै कथाहरूमा ८१, २१५, ८६ र ८९ वाक्य गठन गरिएको छ । समग्र विधामा २६ अनुच्छेद र २१५ वाक्य समावेश भएको पाइन्छ । कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तकमा १२१८ रहेका छन् । कक्षा ९ को पाठ्यपुस्तकमा १ देखि ५४ शब्दले बनेका वाक्य, १ देखि २४८ शब्द र १ देखि २२ वाक्यले बनेका अनुच्छेद र ५३ देखि २३४५ शब्द, १२ देखि २१० वाक्य र ३ देखि ४६ अनुच्छेदले बनेका पाठहरू छन् ।

कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ को लामो वाक्य पर्यटन प्रवन्धको शीर्षकको पाँचौ अनुच्छेदको वाक्य -"पर्यटकहरूलाई खानपान र घुमफिरको सुविधा प्रदान गर्न पदयात्रा तथा जलविहार (र्‍याफ्टिङ्ग) को व्यवस्था मिलाउन दृश्यावलोकन तथा सांस्कृतिक कार्यक्रमबाट मरोरञ्जन गराउन, समुचित वातावरणमा बसोवासको व्यवस्था गर्न, महत्त्वपूर्ण शिक्षा, सूचना दिन तथा पर्यटकहरूका निम्ति बजारको सुविधा उपलब्ध गराउन विभिन्न उद्योग, संस्था र व्यवसायीकहरूवीच प्रतिस्पर्धा भइरहेको पाइन्छ ।

त्यसैगरी छोटो वाक्य :

मनु कथा पाठ शीर्षकको चौधौं अनुच्छेद : " के यो... ?" रहेको पाइन्छ ।

कक्षा ९ को नेपाली भाषा पाठ्यपुस्तक २०६४ को लामो वाक्य खड्गबहादुर कथा पाठ शीर्षकको चौथो अनुच्छेदको वाक्य-"यदि यो घोर व्यभिचार हटाउन सक्तैनस् भने पशुको समाजमा मिलेर घाँस खा, कालो ओडारमा गएर बस्, मानव इतिहास हेर्ने होस् भने दरो मुटु पारेर क्रान्ति गर्नैपर्छ, समाजका सर्पलाई टुक्र्याउँनै पर्छ, सामाजिक रोगका यस्ता किटाणु जहाँसम्म पृथ्वीमा रहन्छन्, त्यति बेलासम्म उन्नति भएन भनी कराउनु बर्षाको भ्यागुतो बन्नु हो ।

त्यसैगरी छोटो वाक्य :

मानिस सबै एकै हो संवाद शीर्षकको दोस्रो अनुच्छेद : "किन र ?" रहेको छ ।

### ५.१.४ नमुना अभ्यास

भाषा शिक्षण विधाका पाठहरूबाट मात्र सम्भव हुँदैन भाषा शिक्षण भाषिक सिपको विकास गर्न र पाठ्यक्रमको उद्देश्य पुरा गर्नका लागि प्रत्येक पाठको अन्त्यमा नमुना अभ्यास आवश्यकता पर्दछ । नमुना अभ्यास जति प्रभावकारी हुन्छ, थप अभ्यास पनि त्यति नै प्रभावकारी बनाएर प्रयोग गर्न शिक्षकलाई सजिलो पर्दछ । पाठ्यपुस्तकमा राखिएका नमुना अभ्यासले विद्यार्थीले त्यस पाठबाट के कस्ता सिपहरू हासिल गरे भन्ने कुरा पत्ता लगाउन सहयोग गर्दछ । पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूले शिक्षकलाई सिप सम्बन्धी अभ्यास गराउन सहयोग गर्न सक्नु पर्दछ । ती अभ्यासहरू विधागत पाठअनुरूप प्रभावकारी हुनु आवश्यक मानिन्छ । त्यसै आधारमा दुवै पाठ्यपुस्तकमा प्रयुक्त नमुना अभ्यासहरूको स्थिति तुलना गर्ने कोसिस गरिएको छ ।

कक्षा ८ नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा भाषाका चारै सिपको विकासमा सहयोग पुऱ्याउने खालका भाषा भनेको व्यवहार भएकाले ती नमुना अभ्यासले व्यवहार निर्माण गर्न सक्ने हुनुपर्नेमा ती नमुना अभ्यासहरू व्यवहार निर्माण गर्ने खालका भने देखिँदैनन् । तसर्थ नमुना अभ्यासहरूमा एकरूपता देखिँदैन । भाषा तत्वका अभ्यासहरू पनि क्रमवद्ध रूपमा लिइएका छैनन् । नेपाली भाषा पाठ्यपुस्तकमा शब्द र अर्थ अन्तर्गत १७, एक वाक्यमा लेख ७, ठीक भनाई कापीमा सार २, शुद्धसँग उच्चारण गर १५, वाक्यमा प्रयोग गर १९, छोटो उत्तर देउ ३, व्याख्या गर ३, जोडा मिलाउ १०, अर्थको आशय बताऊ ३, तात्पर्य स्पष्ट पार २, खाली ठाउँ भर, ठीक बेठीक छुट्याऊ, शुद्धसँग सार, उत्तर देऊ, मौखिक उत्तर देऊ, सस्वर वाचन गर, अनुच्छेद पढी तलका उत्तर देऊ, घटनाक्रम मिलाऊ, भाव स्पष्ट पार, निवेदन लेखन, सप्रसङ्गसहित व्याख्या गर, श्रुतिलेखन, अनुच्छेदन पुरा गर, चिठी लेखन, शब्द भण्डार (पर्यायवाची, पारिभाषिक, प्राविधिक, अनेकार्थ, अनुकरणात्मक, विपरितार्थक, श्रुतिसमभिनार्थ) र व्याकरण - काल, निपात, सामान्यार्थ, इच्छार्थ, सम्भावनार्थ, नाम, कारक, विभक्ति, अव्यय, वर्ण विन्यास, लेख्न चिह्न) जस्ता अभ्यासहरू समावेश गरिएका छन् । नेपाली भाषा पाठ्यपुस्तक २०६४ मा सबै अभ्यास राखिएका छन् । नेपाली भाषा पाठ्यपुस्तकका नमुना अभ्यासमा विशेष गरी बुँदा टिपोट, श्रुतिलेखन, उच्चारण, बोधप्रश्न, सस्वरवाचन, सप्रसङ्ग व्याख्या, विवेचनात्मक उत्तर, सिर्जनात्मक अभ्यासमा मौखिक प्रश्न, शब्दको अर्थ र वाक्यमा प्रयोग र भाषा तत्वका प्रशस्त अभ्यास र शब्दभण्डारका नमुना

अभ्यास समावेश गरिएका छन् । जसबाट सुनाइ, बोलाइ, पढाइ, लेखाइ सिपको विकास हुने सक्ने देखिन्छ ।

कक्षा ८ को नेपाली पुस्तक २०६४ र नेपाली पाठ्यपुस्तक २०६५ विचको तुलनामा अधिकांश नमुना अभ्यासहरूमा थोरै मात्रामा समानता पाइए तापनि धेरै मात्रमा असमनता नै पाइन्छ । दुवै नेपाली पाठ्यपुस्तकमा नमुना अभ्यास मेल नपाइएता पनि दिएको नमुना अभ्यासले विद्यार्थीको बोध क्षमता, सिर्जनशिल क्षमता र तार्किक क्षमता, प्रयोगात्मक क्षमता बढाउने सम्भावना देखिन्छ ।

## ५.२ सारांश

यी दुवै भाषा पाठ्यपुस्तकका बिच समानता र असमानता रहेका छन् । विषयवस्तु र विधातग प्रस्तुतिमा पनि फरक छ । सुनाइ बोलाइ सिपसँग सम्बन्धित नमुना अभ्यासहरू पनि दुवैमा बराबर जस्तो सङ्ख्यामा रहेका छन् । एउटै अभ्यासले एउटै सिप भन्दा बढी सिपको अभ्यास गराउन सकिने जस्ता अभ्यास पनि राखिएका छन् । दुवै पाठ्यपुस्तकमा रहेका अभ्यास, शब्दभण्डार र व्याकरणलाई केलाउँदा कक्षा ८ मा भन्दा कक्षा ९मा बढी मात्रमा नै अभ्यास शब्द भण्डार र व्याकरण समावेश गरिएको पाइन्छ । दुवै पाठ्यपुस्तकमा समानताको दृष्टिले कम र असमनताको दृष्टिले हेर्दा बढी देखिन्छ । पाठ्यपुस्तकको संरचनालाई केलाउँदा पनि समनता पाइदैन र एकै प्रकारको नमुना पनि छैनन् ।

# अध्याय : छ

# निष्कर्ष र सुझाव

कक्षा ८ को नेपाली भाषा पाठ्यक्रमको आधारमा पाठ्यक्रम विकास केन्द्रद्वारा निकालिएको हाम्रो नेपाली किताव कक्षा ८ निर्माण गरी अनिवार्य पाठ्यपुस्तकको रूपमा लागु गरिएको छ । त्यस्तै कक्षा ९को नेपाली भाषा पाठ्यक्रमको आधारमा पाठ्यक्रम विकास केन्दद्वारा अनिवार्य नेपाली भाषा पाठ्यपुस्तक २०६४ निर्माण गरी लागु गरिएको छ । उपयुक्त दुई वटा पाठ्य सामग्रीको विश्लेषण पुस्तकालयीय विधिद्वारा गरिएको छ । यस अध्ययनमा पाठ्यपुस्तकको कुनै एक पक्षको मात्र अध्ययन विश्लेषण तथा तुलना नगरी सबै पक्षको अध्ययन विश्लेषण गरिएको छ । पाठ्यपुस्तकका आन्तरिक र वाह्य पक्षको पनि तुलना गरिएको

छ । तुलना गर्दा छनौट र स्तरणलाई पनि आधार बनाइएको छ । यसरी प्रस्तुत निम्न माध्यमिक तह कक्षा ८ को हाम्रो नेपाली किताव २०६४ र माध्यमिक तहको कक्षा ९ को अनिवार्य नेपाली किताव २०६४ को तुलना अध्ययन गर्दा प्राप्त हुन आएका निष्कर्षलाई तल प्रस्तुत गरिएको छ ।

## ६.१ सबल पक्ष

यी पाठ्यपुस्तकमा पाठ्यांशको परिचय दिएको छ ।

क) पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यक्रमलाई मुख्य आधार बनाइएको पाइन्छ । पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने गरी भाषा पाठ्यपुस्तक भित्र विभिन्न विधा र पाठको चयन गरिएको छ ।

ख) यी दुवै पाठ्यपुस्तकमा भाषिक सिप (सुनाइ, बोलाइ, लेखाइ र पढाइ) सँग सम्बन्धित उद्देश्यहरू राखिएका छन् ।

ग) पाठ्यपुस्तकमा शब्दका अर्थहरू दिइएका छन् । शब्दभण्डार बढाउने प्रवृत्तिका अभ्यास पनि दिने कोसिस गरिएको छ ।

घ) यी पाठ्यपुस्तकमा भाषातत्व (व्याकरण) को प्रयोग पक्षलाई पनि ध्यान दिइएको छ ।

ङ)	यी पाठ्यपुस्तकमा कथा, कविता, निबन्ध, जीवनी, रूपक, चिठी, दैनिकी, भाषातत्व (व्याकरण) र शब्द भण्डार जस्ता विधा उपविधा एवम् विषयवस्तु पनि समावेश गरिएको छ ।

च)	यी दुवै पाठ्यपुस्तकमा विधागत विविधता पाइन्छ ।

छ)	दुवै पाठ्यपुस्तकको पाठ्यभार प्रतिहप्ता ५ घण्टी पूर्णाङ्क १०० र वार्षिक १५० घण्टी निर्धारण गरिएको छ ।

ज)	विवेचनात्मक र व्याख्यात्मक प्रश्नमा विश्लेषणात्मक र सिर्जनात्मक क्षमताको परीक्षण गरिएको छ ।

झ)	बोध अन्तर्गत दृष्टांश अदृष्टांश तथा गद्य अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण हुने खालका अभ्यास पनि दिइएका छन् ।

ञ)	यी पाठ्यपुस्तकमा विभिन्न पाठहरूको शिक्षणका लागि अनुमानित घण्टी, शिक्षक निर्देशिकमा दिइएको छ ।

ट)	भाषातत्व/व्याकरणका शिक्षणका लागि छुट्टै घण्टी नदिई विधागत शिक्षणकै क्रममा एकीकृत रूपमा शिक्षण गर्ने गरी पाठ्यभार वितरण गरिएको छ ।

ठ)	यी दुवै पाठ्यपुस्तकमा परीक्षण प्रयोजनका लागि ग्रेड तयार पारिएको छ ।

ड)	भाषातत्वका अभ्यास प्रत्येक पाठमा समावेश गरिएका छन् ।

ढ)	तुलनात्मक रूपमा नेपाली पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्धारण गरेको क्षेत्र भन्दा बाहिर गएको पाइदैन । यसमा पाठ्य सामग्रीलाई सन्तुलित रूपमा प्रस्तुत गरिएको पाइन्छ ।

ण)	दुवै पाठ्यक्रमलाई विभिन्न विधाका आधार अलगअलग अङ्क वितरण गरिएको छ ।

त)	दुवैमा शिक्षण प्रक्रिया समावेश गरिएको छ ।

थ)	पाठ्यपुस्तकमा क्षेत्र र क्रमको स्पष्टीकरण तोकिएको छ ।

द)	दुवै पाठ्यपुस्तकमा क्षेत्र र विधाअनुसार अलगअलग अङ्कभार वितरण गरिएको छ ।

ध)	यी पुस्तकमा पाठ सुरू हुनु भन्दा अगाडि विशेष ज्ञानका लागि थप सामग्री राखिएको छ ।

न)	दुवै पुस्तकका आवश्यकताअनुसार चित्रहरूको प्रयोग गरिएको छ ।

प)	लेखाइ सिपको विकास गर्ने स्वतन्त्र किसिमका सिर्जनात्मक अभ्यासहरू राखिएका छन् ।

फ)	यी दुवै पुस्तकका पाठका अन्त्यमा विभिन्न प्रकारका अभ्यासहरूको प्रयोग प्रायः सबै पाठमा राखिएका छन् ।

ब)	उखान टुक्कासँग सम्बन्धित आवरण पृष्ठको सजावट राम्रो देखिन्छ ।

भ)	छपाइ र कागज एवं प्रयोग भएको मसी स्पष्ट छ ।

म)	बधाइको दृष्टिले दुवै राम्रै देखिन्छन् ।

य)	दुवै पुस्तकमा विधागत पाठ्य सामग्रीहरू ज्ञानवर्धक एवम् रोचक नै छन् ।

र)	दुवै पुस्तकमा मूल्य उल्लेख गरिएको छ ।

## ६.२ दुर्वल पक्षहरू

दुवै पाठ्यपुस्तकमा कक्षागत उद्देश्यहरू उल्लेख गरिएको छैन ।

क)	कक्षा ८ को पाठ्यपुस्तकमा नयाँ थप शब्दको ज्ञान गराउने किसिमका शब्दकोष प्रयोग गराउने अभ्यास राखिएका छैनन् ।

ख)	दुवै पाठ्यपुस्तकमा सुनाइ र बोलाइ जस्ता भाषिक सिपका उद्देश्यहरूका अलग अलग दिएका छैनन् ।

ग)	कक्षा ९ को पाठ्यपुस्तकमा  विदाको क्षेत्रगत व्यापकता कमी देखिन्छ ।

घ)	कक्षा ८ को पाठ्यपुस्तक पाठ्यक्रम भन्दा केही मात्रामा बाहिर जाने प्रयास गरेको देखिन्छ ।

ङ)	कक्षा ९ को पाठ्यपुस्तकमा भन्दा कक्षा ८ को पाठ्यपुस्तकमा बढी पाठ सङ्ख्या समावेश भएको देखिन्छ । जसले गर्दा स्तर र क्षमता भन्दा बढी नै पाठहरू समावेश भएकाले उद्देश्य पुरामा कठिनाइ हुन सक्ने देख्निछ । यी दुवै सामग्रीका बाक्यमा शब्द सङ्ख्या दुई देखि माथि गए पनि तहगत रूपमा थोरै र धेरै बनाउनु पर्ने बाक्यमा पाठ्यक्रम अनुकुलताका हिसावले उपयुक्त देखिदैनन् ।

च)	भाषिक प्रस्तुति एवं शैलीका दृष्टिले कक्षा ९ को भन्दा कक्षा ८ को पाठ्यपुस्तक सरल र सहज देखिन्छन् ।

छ)	कक्षा ८ को पाठ्यपुस्तकमा समाविष्ट केही विधाहरू स्तर भन्दा माथि भएको बुझिन्छ । विधाको क्षेत्रगत अङ्कभारमा पनि एकरूपता छैन् ।

झ) कक्षा ८ को पाठ्यपुस्तक मा.वि.तहमा चाहिने आवश्यक सिपका लागि एक सोपानको काम गराउन खोजिए तापनि सबै कुराको तालमेल नमिलेकै देखिन्छ ।

ञ) शिक्षण प्रकृयाको उल्लेख गरिए तापनि शिक्षण विधिको उल्लखे गरिएको छैन ।

ट) विधा शिक्षण गर्दा कुन विधि अपनाएर शिक्षण गर्ने भन्ने कुराको टुङ्गो देखिदैन ।

ठ) विधा र विषयअनुसार समय छुट्याएको पाइदैन ।

ड) अपेक्षाकृत रूपमा पाठ्य सामग्रीलाई सन्तलित ढङ्गबाट पाठ्यपुस्तकमा प्रस्तुत गरिएको पाइदैन ।

ढ) दुवै पाठ्यपुस्तकमा पाठहरूको रखाइक्रम सरलबाट जटिलतिर जाने शिक्षाशास्त्रीय पद्धतिलाई अँगाल्न पाइदैन ।

ण) कक्षा ८ को नेपाली पाठ्यपुस्तक २०६४ भन्दा कक्षा ९ को नेपाली पाठ्यपुस्तक २०६४ मा बढी नै मात्रमा शब्दार्थ दिएको पाइन्छ ।

त) दुवै पाठ्यक्रममा निरन्तर मूल्याङ्कनका सन्दर्भमा केही उल्लेख भएको छैन ।

थ) दुवै पाठ्यपुस्तकको आवरण पृष्ठ लेमिनेसन नगरिएको हुँदा पाठ्यपुस्तक हेर्नमा स्तरहीन  देखिन्छ ।

द) बधाइमा धागोका प्रयोग नगरी स्टयाप्लर पिन लगाएर आवरण पृष्ठले छोपिएकाले पाना फुस्कने सम्भवना छ ।

## ६.३ सुझाव

हाम्रो नेपाली किताव कक्षा ८ र नेपाली भाषा पाठ्यपुस्तक कक्षा ९ का वीच तुलनात्मक अध्ययनको विश्लेषणबाट प्राप्त निष्कर्षको आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन् :

क) विषयवस्तुको संयोजनका दृष्टिले पाठ्यपुस्तकलाई अझ सान्दर्भिक बनाउनको लागि समयानुकूलको विषयवस्तुमा जोड दिनुपर्ने आवश्यकता देखिन्छ ।

ख) पाठ्यक्रममा पाठ्यांश परिचय समावेश भएको हुनुपर्दछ ।

ग) पाठ्यपुस्तकमा भएका पौराणिक र ऐतिहासिक विषयवस्तुको मात्र घटाई स्तर अनुकुलको बोध र अभिव्यक्ति एवं सिर्जनात्मक क्षमताको विकास गराउनु पर्ने किसिमको पाठ्यपुस्तक निर्माण गर्नु वाच्छनीय देखिन्छ ।

घ) पाठ्यक्रम अनुसार पाठ्यपुस्तक तयार गर्दा छनौट र स्तरणको नियमलाई ध्यान दिनु पर्ने देखिन्छ ।

ङ) पाठ्यपुस्तकमा व्याकरणमा सैद्धान्तिक ज्ञानमा जोड नदिइ भाषा पाठ्यपुस्तककै अभ्यासबाट धारणात्मक सुझावको विकास हुने प्रकृतिका अभ्यास राखी भाषिक सिप विकास तथा बोध अभिव्यक्ति सिप विकास हुने विषयवस्तु समावेश गरिनुपर्दछ ।

च) पाठ्यपुस्तक निर्माण गर्दा शिक्षा शास्त्रीय नियमलाई ध्यान दिइनुपर्ने देखिन्छ ।

छ) स्तरअनुकुलको शब्द र वाक्य गठन प्रयोग गरिएको हुनुपर्दछ ।

ज) नेपाली भाषाको पाठ्यभारलाई बढाइ प्रतिहप्ता ६ घण्टी राखिनु पर्दछ ।

झ) विधाको क्षेत्रगत अङ्क विभाजनमा एकरूपता हुनुपर्दछ ।

ञ) पाठ्यक्रममा शिक्षण सामग्रीको समावेश गरिनुपर्दछ ।

ट) निम्न माध्यमिक र माध्यमिक तहको पाठ्यक्रमले कक्षा ८ र कक्षा ९ का लागि स्पष्ट विधा र विधा सङ्ख्या तोक्नु पर्ने देखिन्छ ।

ठ) निम्न माध्यमिक र माध्यमिक तहका लागि शिक्षण निर्देशिका, पाठ्यक्रम निर्देशिका, परीक्षा निर्देशिका, तयार पारी पाठ्यक्रमलाई कार्यान्वयन गराउन उपयोगी निर्देशन समेत समावेश गरिएको हुनुपर्दछ ।

ड) प्रत्येक पाठका लागि उपयोगी र आवश्यक सामग्रीहरू र विभिन्न शिक्षण विधिको साथै शिक्षण प्रक्रिया पनि उल्लेख गरिनुपर्दछ ।

ढ) यी दुवै पाठ्यपुस्तकलाई पाठ्यक्रम अनुरूपता बनाउन अझ बढी नयाँ शब्द र भाषिक सिपलाई जोड दिने अभ्यासहरू समावेश गरिनुपर्दछ ।

ण) पाठ्यक्रममा भाषिक सिपको मूल्याङ्कन कसरी गर्ने भन्ने सन्दर्भमा पनि स्पष्ट उल्लेख गरिनुपर्दछ ।

त) मूल्याङ्कनको लागि यथोचित अङ्कभारको व्यवस्था गरिनुपर्दछ ।

थ) भाषा पाठ्यक्रममा मूल्याङ्कनका साधन उल्लेख गरी समावेश गरिनुपर्दछ ।

द) निरन्तर मूल्याङ्कनको व्यवस्था गरिनुपर्दछ ।

ध) शब्दकोश प्रयोग गर्ने अभ्यास राखिनु पर्दछ ।

न) पाठमा प्रयोग भएका चित्रहरू स्पष्ट दृष्य र पाठलाई चित्रण गर्ने सम्भव भएसम्म रङ्गिन चित्रहरू प्रयोग गरिएको हुनुपर्दछ ।

प)	भाषा पाठ्यक्रमलाई प्रभावकारी बनाउन सम्बन्धित व्यक्तिहरूलाई विशेष तालिम दिइनु पर्दछ ।

फ)	भाषा पाठ्यवस्तु र सामग्रीहरू रोचक, ज्ञानवर्द्धक र क्रियाकलापमूखी सबै वर्गसमुदायको मार्मिकता झल्काउने बालमनोविज्ञानमा आधारित हुनुपर्दछ ।

ब)	विभिन्न किसिमका विकृति र विसङ्गति हटाइ नयाँ जागृति ल्याउने विषयवस्तु समावेश गरिनुपर्दछ ।

भ)	पाठ्यपुस्तकहरूको आवरण पृष्ठमा थप आकर्षक बनाउनु पर्ने देखिन्छ । आवरण पृष्ठलाई लेमिनेसन गरी बलियो बनाइ भित्री कागज स्तरीय बाक्लो प्रयोग गरिनु पर्ने देखिन्छ ।

म)	पाठ्यपुस्तकको मूल्यमा केही कम गरिएमा सर्वसाधारणको पहुँचमा रहने देखिन्छ ।

# सन्दर्भ ग्रन्थ सूची


अधिकारी, हेमङ्गराज (२०३४), *माध्यमिक तहको नेपाली भाषा शिक्षण र पाठ्यपुस्तकको त्रि.वि. नेपाली विषय शिक्षकहरूको प्रथम अधिवेशनमा प्रस्तुत कार्यपत्र,* काठमाडौं ।

खनाल, कमलराज (२०५९), *मेरो नेपाली कतिवा र सजिलो नेपाली माला चारको तुलानात्मक अध्ययन,* अप्रकाशित शोधपत्र त्रि.वि. काठमाडौं ।

घिमिरे, प्रकाश (२०६०), *हाम्रो नेपाली किताव (कक्षा ८) र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड. शोधपत्र), त्रि.वि. महेन्द्ररत्न क्याम्पस ताहचल ।

पाठ्यक्रम गतिविधि, चौमासिक बुलेटिन (२०६२, २०६३, २०६४)

पाठ्यक्रम विकास केन्द्र (२०६४), *कक्षा ८ को हाम्रो नेपाली पाठ्यपुस्तक २०६४,* भक्तपुरः जनशिक्षा सामग्री केन्द्र, सानोठिमी ।

———— (२०६४), *कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तक २०६४,* भक्तपुरः जनशिक्षा सामग्री केन्द्र, सानोठिमी ।

———— (२०६४), *निम्न माध्यमिक शिक्षा पाठ्यक्रम,* भक्तपुरः जनशिक्षा सामग्री केन्द्र, सानोठिमी ।

———— (२०६४), *माध्यमिक शिक्षा पाठ्यक्रम,* भक्तपुरः जनशिक्षा सामग्री केन्द्र, सानोठिमी ।

फुयाँल, सुरेशप्रसाद (२०६६), *कक्षा ९ को नेपाली पुस्तक (२०५५) र (२०६५) को तुलानात्मक अध्ययन,* (अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि.वि. क्याम्पस, कीर्तिपुर ।

भट्टराई, राधा, महेन्द्रमाला (२०३०), *कक्षा १० तुलनात्मक अध्ययन,* (अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि.वि. क्याम्पस कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि (तेस्रो संस्करण),* काठमाडौं : शुभकामना प्रकाशन ।

भण्डारी, पारसमणि, रामनाथ ओझा र डोलराज अर्याल (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौंः पिनाकल पव्लिकेशन प्रा.लि. ।

शर्मा, केदारप्रसाद, माधवप्रसाद पौडेल (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौंः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

ज्ञवाली, कमला (२०६२), *कक्षा ३ मेरो नेपाली किताव नयाँ नेपाली श्रृङखला र सजिलो नेपाली मालाको तुलानात्मक अध्ययन,* (अप्रकाशित एम.एड. शोधपत्र) त्रि.वि. कीर्तिपुर ।

# परिशिष्ट : एक

## कक्षा ८ को पाठ्यक्रम र पाठ्यपुस्तकले निर्दिष्ट गरेका विधाको क्षेत्र र क्रम

| पाठ्यक्रम | | | | पाठ्यपुस्तक | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विधा | क्षेत्र | विधा सङ्ख्या | क्र. सं. | विधा | क्षेत्र | विधा सङ्ख्या |
| १ | प्रबन्ध, निबन्ध | सामाजिक, सांस्कृतिक प्राकृतिक, वातावरणीय कलात्मक वैज्ञानिक, प्राविधिक व्यावसायिक | ५ | १ | कविता | छन्दलय -२ लोकलय - १ गीतिलय- १ | ४ |
| २ | कथा | लोक कथा, नीति कथा, पौराणिक/ ऐतिहासिक कथा | ३ | २ | | सामाजिक, सांस्कृतिक - २ वैज्ञानिक, प्राविधिक - १ प्राकृतिक, वातावरणीय - १ व्यावसायिक - १ | ५ |
| ३ | जीवनी | राष्ट्रिय र अन्तर्राष्ट्रिय क) साहित्यकार, कलाकार ख) विद्वान, विचारक ग) आविष्कारक घ) प्रेरक व्यक्तित्व | ४ | ३ | जीवनी | साहित्यकार, कलाकार -२ विद्वान, विचारक - १ प्रेरक व्यक्तित्व - १ आविष्कारक - १ | ५ |
| ४ | चिठी | घरायसी कार्यालयीय | २ | ४ | कथा | लोक कथा - १ नीतिकथा - २ पौराणिक, ऐतिहासिक - १ | ४ |
| ५ | रूपक | संवाद वादविवाद | २ | ५ | चिठी | घरायसी -१ कार्यालयीय - १ | २ |
| ६ | कविता | छन्दलय लोकलय गीतिलय | ३ | ६ | रूपक | एकाङ्की - १ वादविवाद - १ | २ |

# परिशिष्ट : दुई

## कक्षा ९ को पाठ्यक्रम र पाठ्यपुस्तकले निर्दिष्ट गरेका विधाको क्षेत्र र क्रम

| पाठ्यक्रम | | | | पाठ्यपुस्तक | | | |
|---|---|---|---|---|---|---|---|
| क्र. सं. | विधा | क्षेत्र | विधा सङ्ख्या | क्र. सं. | विधा | क्षेत्र | विधा सङ्ख्या |
| १ | कथा | लोक कथा<br>ऐतिहासिक कथा<br>बालमनोविज्ञान | ३ | १ | कविता | प्रकृति प्रधान<br>समाज प्रधान<br>नीतिपरक | ३ |
| २ | कविता | नीति प्रधान,<br>संस्कृति प्रधान,<br>प्रकृति प्रधान<br>समाज प्रधान | ३ | २ | कथा | लोक कथा<br>बाल मनोविज्ञान<br>ऐतिहासिक | ४ |
| ३ | जीवनी | राष्ट्रिय र<br>अन्तर्राष्ट्रिय<br>क) ऐतिहासिक<br>ख) प्रेरक व्यक्तित्व<br>ग) विचारक<br>घ) आविष्कारक | ४ | ३ | निबन्ध | वस्तुपरक<br>आत्मपरक<br>प्राविधिक,<br>व्यावसायिक | २ |
| ४ | निबन्ध | वस्तुपरक र<br>आत्मपरक<br>क) सामाजिक<br>ख) प्राविधिक,<br>व्यावसायिक | २ | ४ | चिठी | घरायसी निवेदन | २ |
| ५ | रूपक | वक्तृत्व<br>संवाद | २ | ५ | जीवनी | राष्ट्रिय,<br>अन्तर्राष्ट्रिय<br>प्रेरक व्यक्तित्व<br>ऐतिहासिक<br>विचारक<br>आविष्कारक | ४ |
| ६ | चिठी | क) घरयासी<br>ख) निवेदन,<br>कार्यालयीय<br>ग) निमन्त्रणा,<br>शुभकामना | २ | ६ | रूपक | संवाद, वक्तृत्व | २ |
| ७ | दैनिकी | दैनिकी | १ | ७ | दैनिकी | दैनिकी | १ |

# परिशिष्ट : तीन

## विधा, क्षेत्र, क्रम र पाठहरू

| क.सं. | विधा | कक्षा ८ | कक्षा ९ |
|---|---|---|---|
| १ | कथा | लोक कथा - १<br>नीतिकथा - १<br>पौराणिक/ऐतिहासिक कथा - १<br>आधुनिक कथा -२ | लोक कथा - १<br>ऐतिहासिक कथा - १<br>बालमनोवैज्ञानिक - १ |
| २ | कविता | नीति प्रधान, संस्कृति प्रधान - २<br>प्रकृति प्रधान, समाज प्रधान - २ | नीति प्रधान, संस्कृति प्रधान - २<br>प्रकृति प्रधान, समाज प्रधान - २ |
| ३ | निवन्ध, प्रबन्ध | सामाजिक, सांस्कृतिक - १<br>प्राकृतिक, वातारणीय - १<br>कलात्मक - १<br>वैज्ञानिक, प्राविधिक- १<br>व्यावसायिक -२ | वस्तुपरक र आत्मपरक<br>सामाजिक - १<br>प्राविधिक, व्यावसायिक - १ |
| ४ | जीवनी | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>साहित्यकार - २<br>आविष्कारक - १<br>विद्वान, विचारक - १<br>प्रेरक व्यक्तित्व - १ | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>क) ऐतिहासिक - १<br>ख) प्रेरक व्यक्तित्व - १<br>ग) विचारक - १<br>घ) आविष्कारक - १ |
| ५ | रूपक | संवाद - १<br>वादविवाद- १ | वक्तृता -१<br>संवाद - १ |
| ६ | चिठी | घरायसी - १<br>कार्यालयीय - १ | घरायसी - १<br>निवेदन, कार्यालयीय - १<br>निमन्त्रणा, शुभकामना - १ |
| ७ | दैनिकी | - | दैनिकी - |
| ८ | भाषातत्व, व्याकरण | शब्दवर्गको पहिचान र प्रयोग<br>१) पदसङ्गति | शब्दवर्गको पहिचान र प्रयोग<br>१) पदसङ्गति |

| | | | |
|---|---|---|---|
| | (पहिचान | क) लिङ्ग | क) नाम |
| | र प्रयोग) | ख) पुरूष | ख) सर्वनाम |
| | | ग) वचन | ग) विशेषण |
| | | घ) आदर | घ) क्रियापद |
| | | २) काल | ङ) अव्यय (क्रियायोगी, |
| | | क) वर्तमानकाल | नामयोगी, संयोजक, निपात, |
| | | ख) भूतकाल | विस्मोयादिवोधक) |
| | | ग) भविष्यत्काल | २) पदसङ्गति (लिङ्ग, वचन, |
| | | ४ पक्ष | पुरूष र आदर) |
| | | क) अपूर्ण | वाच्य (कर्तृवाच्य, कर्मवाच्य, |
| | | ख) पूर्ण | भाववाच्य) |
| | | ग) अज्ञात | ३) काल |
| | | घ) अभ्यस्त | क) वर्तमानकाल |
| | | | ख) भूतकाल |
| | | | ग) भविष्यत्काल |
| | | | ४) पक्ष |
| | | | क) अपूर्ण |
| | | | ख) पूर्ण |
| | | | ग) अज्ञात |
| | | | घ) अभ्यस्त |
| | | ५. भाव (अर्थ) | ५. भाव (अर्थ) |
| | | क) सामान्यार्थ | क) आज्ञार्थ |
| | | ख) आज्ञार्थ | ख) इच्छार्थ |
| | | ग) इच्छार्थ | ग) सम्भावनार्थ |
| | | घ) सम्भावनार्थ | घ) सङ्केतार्थ |
| | | ६. वाक्य परिवर्तन | ६. कारक र विभक्ति |
| | | क) लिङ्ग | क) कारक (कर्ता, कर्म, करण, |
| | | ख) वचन | सम्प्रदान, अपदान, अधिकरण) |

| | | | |
|---|---|---|---|
| | | ग) पुरुष<br>घ) करण, अकरण<br>ङ) काल र पक्षका आधारमा | ख) विभक्तिको प्रयोग<br>ग) विभक्ति नियम (सरल र तिर्यक) |
| | | ७. शब्दवर्ग<br>क) नाम<br>ख) सर्वनाम<br>ग) विशेषण<br>घ) क्रियापद<br>ङ) क्रियायोगी<br>च) नामयोगी<br>छ) संयोजक<br>ज) निपात<br>झ) विस्मयादिबोधक | ७. वाक्य र वाक्यका प्रकार ( सरल, संयुक्त र मिश्र) |
| | | ८. कारक र विभक्ति<br>क) कारक (कर्ता, कर्म, करण, सम्प्रदान, अपदान, अधिकरण)<br>ख) विभक्ति (ले, लाई, द्वारा, को, का, कि, रो, रा, री, नो, ना, नि, देखि, बाट, मा को प्रयोग)<br>ग) विभक्ति नियम (सरल र तिर्यकको प्रयोग) | ८. शब्द निर्माण<br>क) उपसर्ग, व्युत्पन्न शब्दहरू<br>ख) कृदन्त, व्युत्पन्न शब्दहरू<br>ग) तद्धितान्त, व्युत्पन्न शब्दहरू<br>घ) समस्ता, व्युत्पन्न शब्दहरू |
| | | ९. लेख्य चिन्ह<br>क) पूर्ण विराम<br>ख) प्रश्न चिन्ह<br>ग) अल्प विराम<br>घ) उद्‌गार चिन्ह<br>ङ) योजक चिन्ह<br>च) कोष्ठक चिन्ह | ९. वर्ण विन्यास (हिज्जे)<br>क) लेख्य चिन्ह (पूर्ण विराम, अर्ध विराम, प्रश्न चिन्ह, अल्प विराम, उद्‌गार चिन्ह, योजक चिन्ह, कोष्ठक चिन्ह, उद्धरण चिन्ह, निर्देश चिन्ह)<br>ख) ह्रस्व दीर्घ |

| | | | |
|---|---|---|---|
| | | छ) उद्धरण चिन्ह<br>ज) निर्देश चिन्ह<br>१०. वर्ण विन्यास (पाठमा प्रयुक्त शब्दहरूका वर्ण विन्यासको उपयुक्त प्रयोग<br>क) ह्रस्व दीर्घ (इ, ई, उ, ऊ)<br>ख) य/ए<br>ग) ब/व<br>घ) श/ष/स<br>ङ) ग्यँ/ज्ञ<br>च) ऋ/रि<br>छ) क्ष/छ<br>ज) ञ/ण/न<br>झ) शिरविन्दु/चन्द्रविन्दु<br>ञ) विसर्ग<br>ट) पदयोग र पद वियोग | ग) पदयोग तथा पद वियोग<br>घ) ब/व, श/ष/स, ङ/ञ/ण, न/म, शिरविन्दु/चन्द्रविन्दु आदि |
| ९ | शब्द भण्डार | अ) शब्दभण्डार र उखानटुक्का<br>क) पर्यायवाची<br>ख) विपरीतार्थी<br>ग) श्रुतिसमभिन्नार्थी<br>घ) अनेकार्थी<br>ङ) पारिभाषिक/प्राविधिक<br>च) अनुकरणात्मक<br>छ) उखानटुक्का | अ) शब्दभण्डार<br>क) पर्यायवाची शब्द<br>ख) अनेकार्थी शब्द<br>ग) अनुकरणार्थ शब्द<br>घ) श्रुतिसमभिन्नार्थ शब्द<br>ङ) सिङ्गो शब्द<br>च) लघुतावाची शब्द<br>छ) सङ्क्षिप्त शब्द<br>ज) समूहवाचक शब्द<br>ख) उखानटुक्का |

# परिशिष्ट : चार

## विधाको क्षेत्र, क्रम र पाठसंख्या

| कक्षा ८ | | | | कक्षा ९ | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | विधा | क्षेत्र | सङ्ख्या | विधा | | सङ्ख्या |
| १ | कविता | छन्दलय<br>लोकलय<br>गीतिलय | ४ | कविता | संस्कृतिप्रधान<br>प्रकृतिप्रधान<br>समाजप्रधान | ३ |
| २ | निबन्ध /प्रबन्ध | सामाजिक/संस्कृतिक<br>वैज्ञानिक/प्राविधिक<br>प्राकृतिक/वातावरणीय<br>व्यावसायिक<br>कलात्मक | ६ | कथा | लोककथा<br>ऐतिहासिक कथा<br>बाल<br>मनोवैज्ञानिक<br>कथा | ३ |
| ३ | जीवनी | साहित्यकार/कलाकार<br>विद्वान/विचारक<br>प्रेरक व्यक्तित्व<br>आविष्कारक | ५ | जीवनी | राष्ट्रिय र<br>अन्तर्राष्ट्रिय<br>ऐतिहासिक<br>प्रेरक व्यक्तित्व<br>विचारक<br>आविष्कारक | ४ |
| ४ | कथा | लोककथा<br>नीतिकथा<br>पौराणिक कथा<br>आधुनिक कथा | ५ | रूपक | संवाद<br>वक्तृता | २ |
| ५ | चिठी | निवेदन<br>घरयासी चिठी | २ | निबन्ध /प्रबन्ध | सामाजिक<br>प्राविधिक/<br>व्यावसायिक | २ |
| ६ | रूपक | एकाङ्की<br>वादविवाद | २ | चिठी | घरयासी<br>कार्यालयीय | २ |
| | | | | दैनिकी | दैनिकी | १ |
| | | जम्मा | २४ | | जम्मा | १७ |

# परिशिष्ट : पाँच

## कक्षा ८ को विधा र प्रस्तुति

| क्र.सं. | विधा | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| १ | कविता | प्रश्नोत्तर<br>किसान<br>ओखलढुङ्गा<br>पृथ्वीसन्देश | छन्दलय<br>लोकलय<br>गीतिलय<br>छन्दलय | ४ |
| २ | प्रवन्ध | सबैलाई रक्षक कानून<br>दरबार<br>अन्तरिक्षयान<br>बन्यजन्तु र तिनको<br>सुरक्षा<br>पर्यटन<br>जैविक नियन्त्रण विधि | सामाजिक/सांस्कृतिक<br>सामाजिक/सांस्कृतिक<br>वैज्ञानिक/प्राविधिक<br>प्राकृतिक/वातावरणीय<br>व्यावसायिक<br>कलात्मक | ६ |
| ३ | जीवनी | गोपालप्रसाद रिमाल<br>महाकवि कालिदास<br>फ्लोरेन्स नाइटिङ्गेल<br>विश्वेश्वरप्रसाद कोइराला<br>म्याडम क्यूरी | साहित्यकार/कलाकार<br>विद्वान/विचारक<br>प्रेरक व्यक्तित्व<br>साहित्यकार/कलाकार<br>आविष्कारक | ५ |
| ४ | कथा | खसीको तौल<br>मनु<br>उपमन्युको परीक्षा<br>घरझगडा<br>नुनको सोझो | लोककथा<br>नीतिकथा<br>पौराणिक कथा<br>आधुनिक कथा<br>लोककथा | ५ |
| ५ | चिठी | छात्रवृत्तिका लागि निवेदन<br>समाजको बाटो | निवेदन<br>घरयासी चिठी | २ |
| ६ | रूपक | हामी एकैं हौं<br>धन भन्दा विद्या ठूलो | एकाङ्की<br>बादविवाद | २ |

| | | | | |
|---|---|---|---|---|
| ७ | भाषातत्व | पदसङ्गति<br>काल र कालका पक्ष<br>भाव<br>वाक्य परिवर्तन<br>वाच्य परिवर्तन<br>शब्द वर्ग<br>कारक र विभक्ति<br>लेख्य चिन्ह<br>वर्ण विन्यास | | |
| ८ | शब्दभण्डार | शब्दभण्डार | | |

# परिशिष्ट : छ

## कक्षा ८ को नेपाली पाठ्यपुस्तकको नमुना अभ्यासका प्रकार

| क्र.सं. | नमुना अभ्यासका प्रकारहरू | जम्मा प्रश्न |
|---|---|---|
| १ | शब्द अर्थ | १७ अभ्यास |
| २ | एक वाक्यमा लेख | ७ अभ्यास |
| ३ | ठीक भनाई कापीमा सार | २ अभ्यास |
| ४ | शुद्धसँग उच्चरण गर | १५ अभ्यास |
| ५ | वाक्यमा प्रयोग गर | १९ अभ्यास |
| ६ | छोटो उत्तर देउ | ३ अभ्यास |
| ७ | व्याख्या गर | ३ अभ्यास |
| ८ | जोडा मिलाउ | १० अभ्यास |
| ९ | अर्थ वा आशय बताऊ | ३ अभ्यास |
| १० | तात्पर्य स्पष्ट पार | २ अभ्यास |
| ११ | खाली ठाउँ भर | ४ अभ्यास |
| १२ | ठीक बेठीक छुट्याऊ | ६ अभ्यास |
| १३ | शुद्धसँग सार | ९ अभ्यास |
| १४ | उत्तर देउ | २२ अभ्यास |
| १५ | मौखिक उत्तर देऊ | १ अभ्यास |
| १६ | सस्वर वाचन गर | ३ अभ्यास |
| १७ | अनुच्छेद पढी उत्तर देऊ | ३ अभ्यास |
| १८ | घटनाक्रम मिलाउ | १ अभ्यास |
| १९ | भाव स्पष्ट पार | ७ अभ्यास |
| २० | निवेदन लेखन | १ अभ्यास |
| २१ | सप्रसङ्ग सहित व्याख्या गर | ४ अभ्यास |
| २२ | श्रुतिलेखन | ३ अभ्यास |
| २३ | अनुच्छेद पुरा गर | १ अभ्यास |
| २४ | चिठी लेखन | १ अभ्यास |
| २५ | सिर्जनात्मक लेखन | २० अभ्यास |
| २६ | भाषातत्व | १२ अभ्यास |
| २७ | शब्दभण्डार | ८ अभ्यास |

# परिशिष्ट : सात

## विधागत पाठहरू क्षेत्र र संख्या

| क्र.सं. | विधा | विधागत पाठहरू | क्षेत्र | सङ्ख्या |
|---|---|---|---|---|
| १ | कविता | १. सत्य सन्देश<br>२. भिखारी<br>३. बसन्त | नीतिप्रधान<br>प्रकृति र समाज<br>प्रकृतिसमान | ३ |
| २ | कथा | १. शिशिर बसन्तको कथा<br>२. भविष्य निर्माण कथा<br>३. खड्गबहादुर कथा | लोक कला<br>बालमनोवैज्ञानिक<br>ऐतिहासिक | ३ |
| ३ | जीवनी | १. साहित्यकार पारिजात<br>२. भीमसेन थापा<br>३. स्वामी विवेकानन्द<br>४. चार्ल्स डार्विन | राष्ट्रिय र अन्तर्राष्ट्रिय<br>विचार, ऐतिहासिक<br>प्रेरक व्यक्तित्व<br>व्यावसायिक | ४ |
| ४ | निबन्ध | १. हाम्रो देश हाम्रो अतिथि<br>३. मौरीपालन | वस्तुपरक र आत्मपरक<br>सामाजिक<br>व्यावसायिक | २ |
| ५ | चिठी | १. भान्जालाई चिठी<br>२. बन विनाश रौकौं | घरायसी<br>निवेदन/कार्यालयीय<br>निमन्त्रणा, शुभकामना | २ |
| ६ | रूपक | १. मानिस सबै एकै हौं<br>२. अपाङ्गहरूप्रति हाम्रो दायित्व | संवाद<br>वक्तृता | २ |
| ७ | दैनिकी | उपत्यकामा चार दिन | दैनिकी | १ |
| | | | जम्मा | १७ |

## परिशिष्ट : आठ

## कक्षा ९ को नेपाली पाठ्यपुस्तकको नमुना अभ्यास

| क्र.सं. | नमुना अभ्यासका प्रकारहरू | जम्मा प्रश्न |
|---|---|---|
| १ | शब्द अर्थ | १३ अभ्यासहरू |
| २ | मौखिक प्रश्नहरू | १४ अभ्यासहरू |
| ३ | छोटो उत्तर सङ्क्षिप्त | ११ अभ्यासहरू |
| ४ | अति सङ्क्षिप्त | ८ अभ्यासहरू |
| ५ | विवेचनात्मक | ११ अभ्यासहरू |
| ६ | व्याख्या | २ अभ्यासहरू |
| ७ | सप्रसङ्ग व्याख्या | १२ अभ्यासहरू |
| ८ | दैनिकी लेखन | १ अभ्यासहरू |
| ९ | चिठी लेखन | २ अभ्यासहरू |
| १० | सिर्जनात्मक अभ्यास | १४ अभ्यासहरू |
| ११ | वाक्यमा प्रयोग | १४ अभ्यासहरू |
| १२ | पाठको सार | २ अभ्यासहरू |
| १३ | सस्वर वाचन | ३ अभ्यासहरू |
| १४ | उच्चारण अभ्यास | ११ अभ्यासहरू |
| १५ | स्वतन्त्र रचना (पाठसँग सम्बन्धित) | ८ अभ्यासहरू |
| १६ | शुद्ध लेखन अभ्यास | १४ अभ्यासहरू |
| १७ | जोडा मिलाउने | ४ अभ्यासहरू |
| १८ | बुँदा टिपोट अभ्यास | ५ अभ्यासहरू |
| १९ | बोध प्रश्न | ४ अभ्यासहरू |
| २० | श्रुतिलेखन अभ्यास | ४ अभ्यासहरू |
| २१ | सङ्क्षेपीकरण | ४ अभ्यासहरू |
| २२ | भाषातत्व (व्याकरण अभ्यास) | १७ अभ्यासहरू |
| २३ | खाली ठाँउ भर्ने पाठ अनुसार | १० अभ्यासहरू |
| २४ | शब्द भण्डार | १० अभ्यासहरू |

| | | |
|---|---|---|
| | पर्यायवाची शब्द | १ अभ्यासहरू |
| | अनेकार्थी शब्द | १ अभ्यासहरू |
| | विपरितार्थक शब्द | १ अभ्यासहरू |
| | श्रुतिसमभिन्नार्थक | १ अभ्यासहरू |
| | लघुतावाची शब्द | १ अभ्यासहरू |
| | सङ्क्षिप्त शब्द | १ अभ्यासहरू |
| | समूहवाचक शब्द | १ अभ्यासहरू |
| | उखान टुक्का शब्द | १ अभ्यासहरू |
| | सिङ्गो शब्द | १ अभ्यासहरू |
| २१ | विशेष ज्ञानका लागि थप सामग्री | |